म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २९१ आइतबार २१ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 4 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

☞ मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
☞ यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
☞ मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
☞ जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्ण रुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## दुर्गममा नर्स टिकाउन बागमती प्रदेश सरकारलाई हम्मे

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ गाउँगाउँमा स्वास्थ्यशिक्षा पुऱ्याउने उद्देश्यसहित बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा 'एक विद्यालय, एक नर्स' कार्यक्रम ल्याएको त्यसयता 'एक विद्यालय, एक नर्स' कार्यक्रमले निरन्तरता पाइरहेको छ ।

विद्यालयमा नर्सको भूमिका प्रभावकारी देखिएपछि बागमती प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा पनि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर 'एक विद्यालय, एक नर्स' कार्यक्रमलाई विस्तार गरी कक्षा १२ सम्म सञ्चालन भएका प्रदेशका सबै माध्यमिक विद्यालयमा पुऱ्याइने सरकरको नीति छ । प्रदेशका १३ वटै जिल्लामा छनोटमा परेका मावि तहका सामुदायिक विद्यालयमा 'विद्यालय नर्स'को प्रभावकारिता भने प्रशंसायोग्य रहेको बताइन्छ ।

नर्सहरुले विद्यार्थीलाई 'जंक फुड' खान रोक लगाउनेदेखि प्रजनन् स्वास्थ्य, सरसफाइ र आधार भूत स्वास्थ्य क्षेत्रको विषयमा चेतना फैलाउँदा आमविद्यार्थीको जीवनशैलीमा परिवर्तन ल्याएको निष्कर्ष प्रदेशस्थित स्वास्थ्य मन्त्रालयको छ । तर 'विद्यालय नर्स'को प्रभावकारिता विकटमा नभइ सुगम क्षेत्रमा मात्रै सीमित रहेको पाइएको छ । प्रदेशका अधिकांश जिल्लाको विकट क्षेत्रमा 'विद्यालय नर्स' कार्यक्रम कार्यान्वयन गराउन स्वास्थ्य मन्त्रालयलाई चुनौती देखिएको छ ।

तत्कालीन सामाजिक विकास मन्त्रालयबाट सञ्चालित विद्यालय नर्स कार्यक्रम हाल स्वास्थ्य मन्त्रालयले हेरिरहेको छ । प्रदेशमा सामाजिक मन्त्रालय विभाजन भएर स्वास्थ्य मन्त्रालय बनेपछि दायित्व सरेको हो । विगतमा सामाजिक विकास मन्त्रालयले भोगेको विकट क्षेत्रका विद्यालयमा नर्स नटिक्ने चुनौती स्वास्थ्य मन्त्रालयसम्म पनि कायमै छ । आर्थिक वर्ष २०७६/०७७ मा प्रदेशका १ सय १९ स्थानीय तहमा एक जनाका दरले र थप एक गरी १ सय २० जना विद्यालय नर्स भर्ना भएका थिए। चालु आर्थिक वर्ष २०७९/८० मा आईपुग्दा ४ सय ५९ विद्यालयमा रहेका नर्स र थप ६० नयाँ विद्यालयमा नर्स भर्ना हुँदा ५ सय १९ वटा विद्यालयमा नर्स खटाएका छन् ।

५ सय १९ जना विद्यालय नर्समध्ये ५० भन्दा बढी विकट क्षेत्रमा खटिएका थिए । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार विकटमा खटिएका ति विद्यालय नर्सहरु निश्चित समयसम्म टिक्न सकेनन् । धादिङ, मकवानपुर, काभ्रे, चितवन, रसुवा, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा, नुवाकोटका विकट क्षेत्रमा खटिएका विद्यालय नर्सहरु नटिकेको स्वास्थ्य निर्देशनालयका निर्देशक महेश्वर श्रेष्ठले जानकारी दिए । उनका अनुसार विद्यालय नर्सहरु छोटो समय विकट क्षेत्रमा गएर काम गरे पनि निश्चित समय भने टिक्न नसकेका हुन् ।

'मन्त्रालयले विकट क्षेत्रका विद्यालयमा काम गर्ने गरी नर्स छनोट गरेर खटाएको थियो । ५० जनाभन्दा बढी नर्सले केही समय काम गरेर राजीनामा दिएर हिँडेका छन्', श्रेष्ठले भने, 'सुगम क्षेत्रमा खटिएका नर्सहरु हालसम्म पनि काम गरिरहेका छन् । विकटमा खटिएका लामो समयसम्म नटिक्नाले समस्या ल्यायो ।' निर्देशक श्रेष्ठका अनुसार विदेशीने, बिहे गरेर अन्य जिल्लामा जाने र लोकसेवामा नाम निकालेपछि राजीनामा दिने कारणले कतिपय विद्यालयमा नर्सहरु नटिकेका हुन् ।

श्रेष्ठले स्वास्थ्य मन्त्रालयले खटाएको ५ सय १९ वटा विद्यालयमध्ये हाल ३३ वटा विद्यालयमा राजीनामा कारण नर्सको पदरिक्त रहेको गुनासो राखे । उनले खाली रहेको ३३ वटा विद्यालयमा वैकल्पिकमा सूचीका नर्स पठाउने तयारी गरिहेको जानकारी दिए । निर्देशनालयका नर्सिङ शाखा अधिकृत रीता महतोका अनुसार हप्तैपच्छि ४/५ जना नर्सहरुले राजीनामा दिने गरेका छन् । उनले विद्यालयमा नर्सहरुले राजीनामा दिने क्रमसँगै नयाँ पठाउने कार्य जारी राख्ने काम भइरहेको जनाइन् ।

उनका अनुसार विकटमा नियमित ओहोरदोहोर गर्न र बसोबासका लागि अप्ठेरो हुनु र अस्थायी प्रकृतिको जागिर भएकाले नर्सहरु टिक्न नसकेको तर्क गरिन् । विकटमा नर्सहरु टिक्न नसक्नुको कारण सम्बन्धित विद्यालय व्यवस्थापनको कमजोरी पनि देखिएको छ । मन्त्रालयका अनुसार विकटका अधिकांश विद्यालयले नर्सलाई अंग्रेजी पढाउन लगाएको सूचना आएको थियो । विकटका विद्यालयमा शिक्षकसमेत नटिक्ने समस्याले गर्दा नर्सलाई नै कक्षा लिन लगाउने गरेको पाइएको थियो । 'एक विद्यालय, एक नर्स' कार्यक्रमको कार्यविधिले नर्सलाई पढाउन लगाउने काममा प्रतिबन्ध गरेको निर्देशक श्रेष्ठले जानकारी दिए ।

बागमतीमा १ हजार ५२२ मावि तहका विद्यालय छन् । जसमध्ये ४ सय ८६ नर्स विद्यालयमा कार्यरत छन् भने ३३ विद्यालयमा नर्स पठाउने तयारी छ । ५ सय १९ विद्यालयमा नर्स खटाएपनि प्रदेशमा अझै १ हजार ३ वटा विद्यालयमा नर्स पुगेका छैनन् । कार्यक्रम सुरु गरेका तत्कालीन सामाजिक विकासमन्त्री युवराज दुलालले दुर्गमका विद्यालयमा नर्सहरु नजानुमा विभिन्न कारणहरु रहेको बताउँछन् । उनले कार्यक्रम प्रभावकारी बनाउनका लागि अस्थायी नभई स्थायी दरबन्दी लोकसेवाबाट नै नियुक्त गरेर पठाउनुपर्ने जानकारी दिए ।

उनले दुर्गमका विद्यालयमा नर्स टिकाउनका लागि दुर्गम क्षेत्रका विद्यालयमा खटेका नर्सलाई थप स्रोत, साधन र भत्ताको व्यवस्था गरेर प्रोत्साहित गर्न सकेमा सबै विद्यालयमा नर्स टिक्ने बताए । सम्बन्धित स्थानीय तहले विद्यालय छनोट गरेर सिफारिस गरेपछि मन्त्रालयले नर्स खटाउने गरेको छ । स्थानीय तहले नै नर्सको परिचालन र तलब, भत्ता उपलब्ध गराउँदै आएको छ ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयले ३० करोड भन्दा बढी बजेट विनियोजन गरेको छ । नर्सहरुले विद्यार्थीको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोरकिशोरीमा प्रजनन स्वास्थ्य प्रवर्द्धन तथा सरुवा र नसर्ने रोगबारे स्वास्थ जीवनयापनमा उत्प्रेरणा जगाइरहेका छन् ।

## कांग्रेस हेटौंडा नगर सम्मेलन, शुद्धिकरणमा डीनाको जोड

साझाकुरा संवाददाता



हेटौंडा, २० जेठ/नेपाली कांग्रेस हेटौंडा नगर कार्यसमितिको नगर सम्मेलन भएको छ । नेपाली कांग्रेस सह-महामन्त्री महालक्ष्मी उपाध्याय डीनाको प्रमुख आतिथ्यतामा नगर सम्मेलन गरिएको हो ।

सम्मेलनलाई सम्बोधन गर्दै डीनाले कांग्रेसभित्र शुद्धिकरण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएकी छन् । उनले कांग्रेसमा २०४६ सालदेखि शुद्धिकरण अभियानको चर्चा भएको तर अव चर्चा भन्दा पनि शुद्धिकरण अभियान सुरु गर्नुपर्ने समय आएको बताइन् । डीनाले पार्टीमा कुवेरहरुको हावि भएको भन्दै कुवेरको सञ्जालबाट पार्टीलाई उन्मुक्ति दिनुपर्ने बताएकी हुन् । नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा बागमती प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले टिकट नपाउँदैमा यो त्यसको र यो फलानाको गुटको भन्ने परिपाटीको अन्त्य हुनुपर्ने भन्दै कांग्रेसमा ग्रासरुट अभियान चलाउन आवश्यक रहेको बताए ।

नेपाली कांग्रेस हेटौंडा नगरसभापति उत्सव इटेनीको सभाध्यक्षतामा भएको नगर सम्मेलनमा नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री लामा, नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँलगायतको आतिथ्यता थियो ।

कांग्रेस प्रदेश सभापति बानियाँले जनताको मन जित्न विकासको एजेण्डा र योजना आवश्यक पर्ने र जनताले विकास गर्नेलाई मत दिने र राजनैतिक परिवेश बदलिएको भन्दै कांग्रेसले बदलिएको परिवेसलाई उठान गर्न आवश्यक रहेको बताए । पार्टी र नेतृत्वसँग चित्त नबुझेको कुरा पार्टीभित्र राख्नु पर्ने, पार्टी र नेतृत्वसँगको मनमुटावलाई सामाजिक सञ्जालमा जथाभावी रुपमा लेख्नेलाई पार्टीले कारबाही गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्वसभापति रघुरमण न्यौपाने, कांग्रेस मकवानपुर क्षेत्र नम्बर १ का संघीय सभापति दमोदर खनाल, कांग्रेस प्रदेश १ क र ख का सभापति सुशान्त श्रेष्ठ, हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँ, कांग्रेस हेटौंडा नगरका निवर्तमान सभापति आनन्दराम पराजुली, कांग्रेस मकवानपुर नेता यतिराज सापकोटालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यकमको स्वागत नगर उपसभापति डोल्मा स्याङ्बोले गरेका थिए भने समापन नगर उपसभापति रामकृष्ण कोइरालाले गरेका छन् ।

## हेटौंडामा शनिबार २ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/हेटौंडा उपमहानगरपालिकाको छुट्टाछुट्टै स्थानमा २ जनाको मृत्यु भएको छ । मकवानपुरको हेटौंडा उपमहानगर-४ स्थित कमलडाँडामा घाइते अवस्थामा फेला परेका १ पुरुषको मृत्यु भएको हो भने हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ मा एक पुरुषको शव फेला परेको मकवानपुर प्रहरीले जनाएको छ ।

शुक्रबार स्थानीय उत्तम उप्रेतीको घर नजिकै टाउकोमा चोट लागेको अवस्थामा फेला परेका नामथर वतन नखुलेका अन्दाजी ३० वर्षीय पुरुषको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । कार्कीका अनुसार घाइते फेला परेका पुरुषको शनिबार बिहान उपचारको क्रममा मृत्यु भएको हो ।

यसैगरी हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ मा सन्तबहादुर भोलनको मृत्यु भएको हो । शनिबार विहान हेटौंडा-५ राईटोलबाट मक्वानपुरगढी गाउँपालिका-४ स्थित मनकामना मन्दिर जाने बाटोको जंगलमा भोलनको शव फेला परेको प्रहरीले जनाएको थियो । शनिबार बिहान स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

भीमफेदी गाउँपालिका-६ देउरालीका अन्दाजी ३७ वर्षीय सन्तबहादुर भोलनको भएको निजको बुबाले सनाखत गरेको मकवानपुर प्रहरीले जनाएको छ । मृतकको शव हेटौडा अस्पतालमा नै रहेको तथा घटनाको अनुसन्धान भइरहको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## गर्मी बढेपछि हेटौंडादेखि गाउँसम्मै पठनपाठन प्रभावित




साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/विगत हप्ता दिनदेखि मकवानपुरको तल्लो क्षेत्रमा अत्याधिक गर्मी बढेपछि पठनपाठन प्रभावित बनेका छन् ।

हेटौंडा उपमहानगरदेखि, बकैया र मनहरीका विद्यालयहरुले गर्मीका कारण बालबालिकालाई जोखिममा पर्नेगरी विद्यालय नआउन सूचित गरेका छन् । हेटौंडामा विगत दुई दिनदेखि अत्याधिक गर्मी बढेपछि सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्नुपर्ने आवाज उठेको थियो । गर्मी बढेसँगै विद्यार्थीहरुलाई पठनपाठनमा असहज भएको र स्वास्थ्यमा समस्यासमेत देखा परेको भन्दै निश्चित दिनसम्म विद्यालय बन्द गर्नुपर्ने आवाज उठेको हो । हेटौंडामा गर्मी बढेपछि जनजीवन प्रभावित बनेको हो । कंक्रिट ढलानले भरिएको बजार क्षेत्रमा गर्मीका कारण हावासमेत तातो चल्न थालेको सर्वसाधारणले गुनासो गरेका छन् ।

साना बालबालिकामा गर्मीका कारण स्वास्थ्य समस्या देखिएकाले विद्यालय बन्द गर्न चिकित्सकहरुले नै सुझाव दिएपछि हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाले विद्यालय बन्द गराउने निर्णय गरेका छन् । बकैया गाउँपालिकाले एक हप्ता विद्यालय बन्द गर्ने भएको छ । पालिकाले सूचना जारी गर्दै २१ जेठ आइतबार देखि २७ जेठसम्म विद्यालय बन्द रहने जनाएको छ । बकैया गाउँ शिक्षा समितिले बर्षे विदामा मिलान हुने गरी बकैयाको सामुदायिक तथा संस्थागत विद्यालयमा विदा दिने निर्णय गरेको थियो । विद्यार्थीको पठनपाठन बन्द भएपनि विद्यालयको प्रशासनिक काम नियमित रुपमा सुचारु रहने बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले जानकारी दिए ।

शनिवार हेटौंडाको ४, ५ र १० नम्बर वडाले पनि वडाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालय बिदा दिने निर्णय गरेका छन् । वडा कार्यालयले बिदा दिने निर्णय गरेपछि उपमहानगरको शिक्षा शाखाले शनिवार नै सूचना जारी गरी आइतबारदेखि २६ जेठसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ । शुक्रबार बसेको उपमहानगरको कार्यपालिका बैठकले विद्यालयको अवस्था हेरेर वडा कार्यालयलाई नै विद्यालय बन्द गर्ने वा सञ्चालन गर्ने अधिकार दिएपछि शनिवार ४, ५ र १० नम्बर वडा कार्यालयले तीनदिन विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् । वडा नम्बर-५ का सामुदायिक तथा निजी विद्यालयहरु बन्द गरिने भएको वडाअध्यक्ष सुशील घिमिरेले जानकारी दिए । २३ जेठसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको उनले बताए ।

ठूला सामुदायिक तथा संस्थागत विद्यालय रहेको ४ नम्बर वडा कार्यालयमा शनिवार बसेको शिक्षा समन्वय समितिको बैठकले २३ जेठसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ । गर्मी बढेका कारण तीन दिन विद्यालय बन्द गर्ने निर्णय गरिएको ४ नम्बर वडाअध्यक्ष नवीन सिग्देलले जानकारी दिए । हेटौंडा-४ का जनप्रतिनिधि र शैक्षिक गुणस्तर सुधार समिति र विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरुको संयुक्त बैठकले निर्णय गरिएको सिग्देलले जनाए । ४ नम्बर वडाले शिक्षाको सुधारको लागि बजेट विनियोजनको लागि सुझाव संकलन गर्ने वडाअध्यक्ष सिग्देलले बताए ।

## 'मेरो फोहोर, मेरो जिम्मेवारी' अभियानको सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ सामुदायिक विकास तथा सचेतना नेपाल र बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको आयोजनामा हेटौंडा उपमहानगर पालिका, टोल विकास संस्था नगर समन्वय समितिको समन्वयमा 'मेरो फोहोर मेरो जिम्मेवारी' अभियानको सुरुवात गरिएको छ ।

बालजागृति विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीको अध्यक्षतामा भएको यस कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वातवारण तथा विपद् व्यवस्थापन समितिका संयोजक तथा वडा नम्बर १० का वडाअध्यक्ष फुर्वा लामा, सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष धुवप्रसाद अधिकारी र विद्यालयका सहायक प्रधानाध्यापक अमुल श्रेष्ठलगायतको आतिथ्यतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै उपमहानगरका सामाजिक विकास महाशाखा प्रमुख तिमल्सिनाले वातावरण संरक्षणमा यस अभियान फलदायी प्रभावकारी बन्ने विश्वास लिए ।

'मेरो फोहोर, मेरो जिम्मेवारी' उदाहरणीय अभियानमा उपमहानगरपालिकाले अभिभावकत्व प्रदान गर्ने तिमल्सिनाले बताए । यसैगरी, १० नम्बर वडाअध्यक्ष फुर्वा लामाले हेटौंडा उपमहानगरपालिका 'सफा हेटौंडा, स्वच्छ हेटौंडा' भन्ने मुल नाराका साथ अघि बढिरहेको अवस्थामा यो अभियानले टेवा पुग्ने र सवै जनमानसलाई मेरो फोहोर मेरो जिम्मेवारी भने बुझाउन सकेमात्र फोहोर व्यवस्थापन सफल हुनसक्ने धारणा राखे ।

बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको प्रधानाध्यापक सुवेदीले मानव जातिको संरक्षणका लागि पर्यावरण जोगाईराख्नु पर्ने भएकोले पर्यावरण बचाउन स्थानीय पाठ्यक्रममा कक्षा १ देखि नै 'मेरो फोहोर मेरो जिम्मेवारी' भन्ने बारेमा बुझाउन आवश्यक रहेको बताए ।

कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि लेखापाल आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।
तलबः आपसी समझदारीमा निर्धारण गरिनेछ
सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१२७००९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# आर्थिक पारदर्शिताको अभाव

मुलुकको पूँजीगत खर्च र चालुखर्चबीचको दुरी यति बढ्यो कि बयान गरिसाध्यै छैन । चालुखर्च थेग्नै नसक्ने अवस्थामा पुगिसकेको छ । कूल बजेटको १७ प्रतिशत पूँजीगत खर्च छुट्याउँदा पनि त्यो रकम आधामात्र खर्च हुन सकेको छ । यसरी चालुखर्चको ग्राफ बढ्दै जाँदा एकदिन सरकारले चालुखर्चका लागि पनि ऋण लिनुपर्ने अवस्था आउने छ । त्यो दिन धेरै टाढा छैन । हाम्रो देशमा बाख्रा चराउनेको भन्दा कुकुर डोहोऱ्याउनेको प्रतिष्ठा बढी भएको ठान्ने संस्कारको विकास भयो । यतिबेला किसान, मजदुर, भरियाको श्रमको ईज्जत गरिँदैन बरु राज्यको ढुकुटी लुट्नसक्ने, राजश्व ठग्नसक्ने, भ्रष्टाचार गर्नसक्ने, दुईनम्बरी कारोबार गर्नसक्नेलाई सलाम गरिन्छ र सम्मान गरिन्छ । सुकिलामुकिला तिनै हुन्छन् जसले देश लुट्न सक्छन् । मजदुर, किसान, भरिया त पसिना बगाउँदैमा फुर्सद पाउन सकेनन् । नेपाली जनताका प्रतिनिधिमार्फत् २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट घोषणा गरिएको गणतन्त्र जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफल थियो । त्यही प्रतिफलको जगमा राजसंस्था उखेलेर फालियो । राजतन्त्रले देश खोक्रो पारेको भन्दै राजतन्त्रात्मक ईतिहास समाप्त पारियो । तर, त्यसपछिका दिनमा एउटा राजा फालेर हजारौं नवराजाहरु जन्माइयो ।

अहिले वडातहसम्म राजाको संस्कार बोकेर जनतमा शासन गरिरहेका छन् । जसले गणत्रन्त्रको मर्म बुझ्नै सकेन । तिनै नवराजाहरुले राज गर्न थालेपछि सुरु भयो आमनागरिकमा बितृष्णाको ज्वारभाटा । भाषणमा नेपाललाई स्वीटजरल्याण्ड बनाउने भनियो तर, नेपालीको मौलिक कला, संस्कृति, संस्कार खोज्न पश्चिमी मुलुक जानुपर्ने भयो । माध्यमिक कक्षा (१२ कक्षा) परीक्षा दिएपछि औषतभन्दा राम्रा विद्यार्थी युरोप, अमेरिका, अष्ट्रेलिया, क्यानडाको भिसा लगाउने लाइन लाग्छन् र औषतभन्दा कजमोर विद्यार्थी खाडी मुलुकमा पसिना बगाउन हानिएका छन् । पछिल्लो पटकको नागरिकता बिधेयकले नवनागरिकको कब्जामा देश पुग्ने अवस्था आउन सक्छ । दलीय राजननीति निष्ठावान हुन सकेन । पैसा हुनेको हातमा टिकट पुग्ने तर, जीवनभरि ईमान्दारीतापूर्वक राजनीति गर्ने असल कार्यकर्ता निराश भएर साइड लाग्ने अवस्था छ । राजनीतिकर्मीको नाममा ठेकेदार र दलाल पूँजीपत सत्तामा पुग्ने र राज्यकोषको चरम दोहन गर्ने प्रबृत्ति बढ्दो छ । राणाकालीन समयमा जनता बाठा हुन्छन् भनेर विद्यालय खोल्न दिईदैनथ्यो । अहिले त्यसैको सिको गर्दै राजनीति नेतृत्वमा सवल र सक्षम ब्यक्तिलाई पुग्न दिईदैन र पुरानै अनुहारले सत्ता ओगट्ने काम भएको छ । सक्षम ब्यक्ति सत्तामा पुग्दा राजनीतक दलका उच्चपदस्थलाई ज्वरो आएको उदाहरण बालेन साह र हर्क साङपाङ छन् । सक्षम ब्यक्तिलाई बिभिन्न नाममा पाखा लगाइदिंदा असक्षम नेतृत्वलाई पनि चुपचाप स्वीकार्नु पर्ने बाध्यता छ । असक्षम ब्यक्ति सत्तामा जानका लागि आफ्नो गहकिला एजेण्डा होइन बरु नोटको बिटो प्रयोग गरिरहेका छन् । साम, दाम, दण्ड, भेद सबै प्रयोग गरी सत्तामा पुगेपछि जनताका लागि काम गर्न उसले बिर्सन्छ र आफैं कमाउधन्दामा लाग्छ । आफूले आफैंलाई सबैभन्दा ठूलो हुँ भन्न स्वघोषितहरुका लागि र आम सर्वसाधारणका लागि एउटै कानून पनि फरकफरक रुपमा ब्याख्या भएको छ ।

पछिल्ला दिनमा नेताहरु आफन्तमा, नोटमा, गुटमा, आदेशमा, भोटमा र माउने बाहेक केही परिबर्तन भएको छैन । आम जनतामा कानूनले भन्दा पैसाले काम गर्छ भन्ने धारणाको विकास भएको पाइन्छ । लोक, भोक र समाबेशिताको नाममा हुनेखानेले मात्र नेतृत्व गर्ने सिपाटीको विकास भएको छ । गरिखाने बर्गले कुनै ब्यवसाय गर्न खोज्यो भने त्यो अभिषाप सिद्ध हुने वातावरण छ । लगानीको ब्याज, जोखिम, प्रतिफलका बारेमा सोच्नुभन्दा पनि राजनीतिक दलका कार्यकर्ताको अनावश्यक स्वार्थ कसरी पूरा गर्ने भनने विषयमा लगानीकर्ता चिन्तित हुनु पर्ने अवस्था छ । आफूले उत्पादन गरेको बस्तु तथा सेवाको उपभोग गर्ने उपभोक्ताको सन्तुष्टिमा भन्दा राजनीतिक दलका झोले कार्यकर्ताको हितमा काम गर्नुपर्ने बाध्यता भएपछि गरिखाने बर्ग पनि पाखा लाग्नुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ २२ गते सोमबार ५ जुन २०२३ । प्रतिपदा, जेष्ठ शुक्लपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५५ । विश्व वातावरण दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : समस्या दोहोरिन सक्नेछ | तुला | : स्वास्थ्यमा कमजोरी हुनेछ |
| वृष | : घरेलु काममै अलमल हुनेछ | वृश्चिक | : उपचारमा खर्च हुनेछ |
| मिथुन | : भूमिबाट लाभ लिने समय छ | धनु | : लेनदेनमा विवाद हुनेछ |
| कर्कट | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | मकर | : धार्मिक कार्यले फाइदा हुनेछ |
| सिंह | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | कुम्भ | : मन खिन्न बनाउन सक्छ |
| कन्या | : काममा परिवारको सहयोग मिल्नेछ | मीन | : दिन उत्साहपूर्ण बन्नेछ |

# बालबालिकाको न्याय नखोसौं



✍ दिपकराज जोशी

शिक्षाकर्मी भएर बालबालिकाको भविष्य सुन्दर बनाउन लागेको दुई दशक हाराहारी भएछ । म आफैंलाई उनीहरूमाथि पूर्ण रूपमा न्याय गर्न नसकेको महसुस भइराखेको छ ।

हो, हामी शिक्षक-शिक्षिकाका पनि आफ्नै समस्या, गुनासा, अभाव, तनाव तथा चुनौती छन् र रहिरहने पनि देखिन्छ। हामी शिक्षा क्षेत्रमा रहरले वा बाध्यताले लागेका छौं ? वा जागिरका लागि लागेका छौं ? के साँच्चिकै जवाफदेही शिक्षाकर्मी भएर बालबालिकालाई न्याय दिनका लागि हामी तम्तयार भएका छौं त ? एकपटक हामी सबैले आफैंलाई प्रश्न सोध्ने कि 'मैले बालबालिकालाई न्याय गरिरहेको छु त ?'

बालबालिकाका लागि शिक्षक सबैभन्दा ठूलो आस्था र विश्वासको धरोहर हो । बुवा-आमाभन्दा पनि बढी विश्वास शिक्षकको गर्दछन् पूर्वप्राथमिक तहका बालबालिका तर हामी उनीहरूको विश्वासको धरोहर बन्न सकेका छौं कि छैनौं एकपटक आफैंलाई नियाल्ने कि ? हाम्रो अक्षमताको कारणले बालबालिका माथि विभिन्न तरिकाले अन्याय गरिरहेका छौं ।

प्रत्येक विद्यालयका हामी शिक्षक-शिक्षिकाले एकपटक आत्मसमीक्षा मात्र गरिदिंदा धेरै हदसम्म परिवर्तनको थालनी भई आम बालबालिका साँच्चिकै २१औं शताब्दीका भाग्यमानी बन्ने थिए कि ? हामी प्राय:जसो शिक्षाकर्मीहरूबीच बालबालिकाको बारेमा छलफल हुँदा उनीहरूभित्र भएका सकारात्मक पक्षहरूबाट सुरुवात नगरी अवगुणहरूको बारेमा छलफलमा केन्द्रित भएर सुधार्न प्रयास गर्दछौं ।

हामी स्वयंले आफूलाई बालबालिकाको ठाउँमा राखेर कत्तिको हेरेका छौं ? हामी र बालबालिकाबीच तुलना गर्ने हो भने उनीहरू निर्दोष, पवित्र छन् मात्र उमेर अनुसार केही बदमासी गर्न मन गर्दछन्। केही झुट, केही बिगार र अलि-अलि ठगी गर्न खोज्छन् र त्यसो गर्दा उनीहरूलाई गल्ती गरेको बोध गराउने र सही मार्गमा हिंडाउने जिम्मेवारी त हामी शिक्षाकर्मी र अभिभावकको हो । तर शिक्षाकर्मीले जानी-जानी गरिरहेको बालबालिका माथिको अन्याय कसले र कहाँबाट सुधार्ने त ?

शिक्षक समाजको बौद्धिक र जाने-बुझेको वर्ग होइन र ? अन्जान र अज्ञानीलाई सिकाउन, सुधार्न सकिन्छ तर जो स्वयं सबैथोक आउँछ भन्ने भ्रममा बाँचिरहेको छ अथवा अल्छीपनबाट उम्किन चाहँदैन भने कसरी सकिन्छ सुधार्न ? यदि घरमा अभिभावकले आफूलाई समयसापेक्ष रूपान्तर गरी उपयुक्त वातावरणमा सही संस्कार दिन सके र प्रत्येक शिक्षाकर्मीले थोरै मात्र जमर्को गर्ने हो भने बालबालिका सही गन्तव्यमा खुसीका साथ अघि बढ्दथे । अनाहकमा कुनै पनि बालबालिकाले पीडा र सकसमा बाँच्नु पर्दैनथ्यो ।

**अभिभावकले गर्नुपर्ने बोध**

नासपाती रोपेर स्याउ फल्दैन । तसर्थ हरेक घरमा रहेका बुवाआमाले बालबालिकामा समय सापेक्षित ज्ञान र सही संस्कार दिनुपर्छ। अभिभावकले बालबालिकालाई आफ्नो नियन्त्रणमा नराखे, कु-संस्कारको रोपनी भएमा विद्यालयमा रहेका शिक्षाकर्मीबाट आश गर्नु भनेको अर्थहीन अपेक्षा हो जसबाट स्वयं अभिभावक र बालबालिकालाई पीडा मात्र हुने गर्दछ ।

अधिकांश अभिभावकको 'छोराछोरीले भनेको मान्दैनन्, मुखमुखै लाग्ने गर्दछन्, रिसाउने, झर्किने, गलत संगतमा लाग्ने गर्दछन्, पढ्न मान्दैनन्' भन्ने जस्ता गुनासाका पोकासहित विद्यालयमा सहयोगको आशा र अपेक्षा राख्ने गर्दछन् ।

विद्यालयका शिक्षाकर्मी, प्रधानाध्यापक जादुगर होइनन्। उनीहरू केवल प्रेरणाका स्रोत हुन्, व्यवस्थित कार्यतालिकामा काम गर्ने र सम्झाउने व्यक्तित्व हुन्। बालबालिकाहरू शिक्षकले सम्झाउँदा तथा हप्काउँदा केहीबेरको लागि सुने जस्तो, माने जस्तो गर्दछन् तर दीर्घकालीन रूपमा त्यसले पनि काम गर्दैन । अभिभावकले आफ्ना बालबालिका विद्यालयमा र साथी संगतले मात्र सही मार्गमा लाग्ने र सफलता प्राप्त गर्ने विश्वास छ ।

केही हदसम्म यसले काम गर्दछ तर आमरूपमा समाजमा उपलब्धि र सफलताको शिखर चुमेर असल मान्छे उसको घरपरिवारका कारणले बनेको पाइन्छ। कुनै पनि मान्छेको सफलताको जग उसको घर हो बाँकी सबै गन्तव्यमा पुग्ने माध्यम मात्र हुन्।

**शिक्षक-शिक्षिकाहरुले गर्नुपर्ने बोध**

शिक्षण एउटा यस्तो पेशा हो जसको सिकाइ-पढाइको अन्त्य कहिल्यै हुँदैन । हामीमा दुई दशक र अझै धेरै वर्षदेखि पढाएको घमण्ड छ । भित्रभित्रै आफू आउटडेटेड भइसकेको पत्तै हुँदैन ।

आफूले हिजो गरे जस्तै आज पनि निरन्तर रूपमा त्यही पद्धति, प्रणाली, शैली अपनाएर कक्षाकोठामा प्रवेश गरिरहेका छौं । अनि विद्यार्थी माथि सम्पूर्ण दोष थुपारेर पानीमाथिको ओभानो बन्न खोजिरहेका छौं ।

प्राय:जसो शिक्षक किताब पढाउने गर्दछौं, पाठ्यक्रम हेरेकै छैनौं । कहिलेकाहीं त बोर्ड परीक्षामा पाठ्यक्रम र ग्रिड अनुसारको प्रश्नपत्र माथि नै शंका गर्छौं । यो त भएन, किताबमा नै नभएको प्रश्न सोधियो भन्ने शिक्षाकर्मी पनि भेटिन्छन् ।

विज्ञ समूहले लामो समय लगाएर बनाएको पाठ्यक्रम अनुसारको तयारी गरी पढाउन-सिकाउनको लागि एकाइ र पाठको पूर्व तयारी गरी शिक्षक कक्षाकोठामा प्रवेश गर्नुपर्ने हो । तर हामी ४५ मिनेट आफ्ना कुरा सुनाएर हिंड्छौं र अझै पनि हामीलाई लाग्छ कि मैले शिक्षण पेशालाई न्याय गरेको छु ।

शिक्षकले ४५ मिनेटमा आफूलाई विभिन्न रूपमा प्रस्तुत गर्नका लागि पूर्वतयारी नितान्त आवश्यक छ तर शिक्षकसँग तयारी गर्ने न जाँगर छ न समय नै । अन्ततः बालबालिका जबरजस्ती कक्षाकोठामा बस्न बाध्य छन् ।

एक शिक्षक प्रेरणाको स्रोत, मनोवैज्ञानिक र परामर्शदाता हो । मायाको खानी हो, मनको कुरा सुन्ने साथी हो । अप्ठेरोको सहयोगी हात हो, कक्षाकोठाको कमान्डर हो, समय सापेक्षित रूपमा कक्षाकोठाको वातावरण निर्माण गर्न सक्ने डाइनामिक व्यक्तित्व हो ।

**सामुदायिक र संस्थागत विद्यालयको अवस्था**

विद्यालयको ठूलो हिस्सा सामुदायिक विद्यालयले ओगटेको छ तर बहुसंख्यक विद्यालय राजनीतिक कार्यकर्ता उत्पादन गर्ने ठाउँ भइराखेका छन् भने साधन-स्रोतको अभाव छ । सामुदायिक विद्यालयको नेतृत्वलाई पर्याप्त साधनस्रोत तथा अधिकार प्रदान गर्न सकिएको छैन ।

फलत: बालबालिका अन्यायको शिकार बनेका छन् । स्थानीय सरकारले चाहेमा सामुदायिक विद्यालयको रूपान्तरण गर्न त्यति गाह्रो छैन । शिक्षक र भौतिक संरचना संघीय सरकारले व्यवस्थापन गरिसकेपछि स्थानीय सरकारले विद्यालयमा अपुग साधनस्रोत र थितिको व्यवस्थापन गर्न सक्छ । यसले बालबालिकालाई उनीहरूभित्र रहेको प्रतिभा प्रस्फुटन गरी आफ्नो जीवनको गोरेटो तय गर्न सक्दछन् ।

संस्थागत, गुठीलगायत अन्य विद्यालयहरूले आफ्नै पाठ्यक्रम निर्माण गरेर अन्तर्राष्ट्रिय पाठ्यक्रम पढाउने गर्दछौं भनेको सुनिन्छ । कतिपयले अभ्यास पनि गरिरहेका छन् । तर यो आफैंमा नेपाल सरकारको शिक्षा नीति-नियमको उपहास हो ।

कतिपय अवस्थामा यो अभिभावकलाई गुमराहमा राखेर अचाक्ली शुल्क असुल्ने फण्डा मात्र बनेको छ । लामो समय लगाएर विज्ञ समूहले नेपाल र विश्व परिवेशलाई मध्यनजर गरी बनाएको पाठ्यक्रम भन्दा केही विद्यालयमा कार्यरत शिक्षाकर्मी र कसैको सहयोगमा बनाएको पाठ्यक्रमलाई कसरी मान्न सकिन्छ ?

अभिभावक-शिक्षाकर्मी तथा सरोकार वालाहरू सबैले आफूलाई कम्तीमा सामान्य कुराको जानकारी नराखिकन निर्णय गर्ने कार्य गऱ्यौं भने त्यो सरासर बालबालिकामाथिको अन्याय हो । हाम्रो प्रवृत्ति समस्यालाई पन्छाउने र विषयलाई विषयान्तर गर्नेछ । कम्तीमा शिक्षा क्षेत्रमा लागेकालाई यसो गर्ने छुट कदापि हुँदैन ।

बालबालिकालाई सही मार्गमा हिंडाएर उनीहरूको उज्ज्वल भविष्यको लागि शिक्षक, अभिभावक र विद्यालयको हातेमालो हुनु जरूरी छ । सामुदायिक र संस्थागत विद्यालयहरूले आ-आफ्नो कमी-कमजोरीहरू सुधारेर अगाडि बढ्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# दलहरूका औचित्यहीन दलित संगठन

**राजनीतिक दलहरूले दलित संगठनहरू कायम राखेरै छुवाछुत र विभेदलाई कसरी निरन्तरता दिइरहेका छन् भनेर जुन दिन दलितहरूले बुझ्नेछन्, मुक्तिको मार्ग त्यसै बेला खुल्दै जानेछ ।**



✍ राजेश विद्रोही

हरेक राजनीतिक दलको कथित दलित संगठन छ । जुन दल जति पुरानो छ, उसको उति ठूलो दलित संगठन छ, जनवर्गीय संगठन र मोर्चाहरू छन् ।

कांग्रेस, एमाले, माओवादी, मधेशकेन्द्रित लगायत सबैजसो नयाँ-पुराना दलमा विभिन्न नामबाट दलित संगठन छन् । तर आजसम्म तिनले हिजोका मालिक र आजका नेताहरूको दुनो सोझ्याइदिनेबाहेक केही गरेका छैनन् । जसले र जसका पितापुर्खाले दलित समुदायलाई अमानवको दर्जामा राखेर चरम र चरणबद्ध रूपमा दमन, शोषण र उत्पीडन गर्दै आएका छन्, उनीहरूबाटै आफ्नो मुक्ति र अधिकार खोज्नु दलित नेतृत्वहरूको दिग्भ्रम मात्रै हो । जबसम्म दलित समुदाय र नेतृत्वहरूले यो कुरा बुझ्दैनन्, दलीय मानसिकताबाट माथि उठ्दैनन्, तबसम्म दलितहरूले मानिस भएर बाँच्न पाउने पनि छैनन् ।

यसको अर्थ दलभित्र दलित संगठनहरू हुनु हुँदैन, खारेजै गर्नुपर्छ भन्ने होइन । यसरी बुझियो भने त्यो अर्को दिग्भ्रम हुनेछ । सवाल जे उद्देश्यका साथ दलहरूमा दलित लगायतका जनवर्गीय संगठनहरू खोलिए, त्यो प्राप्त भएको छ कि छैन भन्ने हो । छैन भने दलितहरूले दलभित्र कसैको सिँढी बनेर दलन खप्दै बस्नुको अर्थ के ? त्यस्ता दललाई दलित समुदायले किन पाल्ने ?

सतीप्रथा, राणा र राजाशाही अन्त्य भएको देश यही हो । तर, यहीँ जातीय विभेद एवं छुवाछुतजस्ता मानव सभ्यताविरुद्धकै जघन्य अपराधहरू किन अन्त्य हुन सकिरहेका छैनन् ? निम्छरा ऐन-कानुन र सजायको व्यवस्थाले मात्र छुवाछुत प्रथा अन्त्य हुँदैन । जनताको आधार भूत जीवनलाई छुने गरी कुनै पनि परिवर्तन भएकै छैन । परिवर्तन केही मानिसलाई कुर्सीमा पुऱ्याउन र केहीलाई कुर्सीबाट झार्नमै सीमित छ । आजको युगमा पनि राजनीतिक दलहरू र राज्य व्यवस्थाले आफ्नो आधारभूत नैतिक दायित्व किन पूरा गर्न सकिरहेका छैनन् ? राज्य व्यवस्थाको चरित्र सधैं दलनकारी, विभेदी र जनविरोधी रहिआएको छ ।

अफसोस त के भने, आफूलाई जनताको मसिहा ठान्ने राजनीतिक दलहरूका संगठन र संरचनाभित्रै पनि यो विभेद कायम छ । यस्ता गम्भीर प्रकृतिका मानव कल्याणका विषयहरू दलहरूको प्राथमिकतामा किन पर्दैनन् ? यति पनि गर्न नसक्ने दलहरूको औचित्य के ?

दलित समुदायका समस्याको पहिचान, उत्थान, विकास र समाधानका लागि भनेर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट थुप्रै प्रयास भएका छन् । सरकारी र गैरसरकारी स्तरबाट थुप्रै खर्च गरिएको छ । तर, कथित दलित समुदायका समस्याको समाधान रत्तीभर भएको छैन । किन ? किनकि कथित अछुत दलितलाई कोटा र चोक्टामा अल्झाएर मनोवैज्ञानिक रूपमा बन्धक बनाइएको छ । आजसम्म यो समुदायले जेजति अधिकार पाएको छ, त्यो नितान्त आफ्नै संघर्ष र बलिदानबाट प्राप्त गरेको हो । तर, दलित समुदायलाई बारम्बार झुक्यानमा पारेर तिनको समावेशी योगदान अनुसारको अधिकारलाई अपहरण गरियो । मूलत: राज्य र शासकहरूको अनुदार चरित्रकै कारण लोकतन्त्रको सात दशकमा पनि उनीहरूले मानिस दर्जासम्म पाउन सकेका छैनन् ।

**दलहरुबाटै विभेद**

राजनीतिक दलहरूले छुवाछुतजस्तो मानवताविरुद्धको अपराध अन्त्य गर्न थोरै पनि चिन्ता र चासो देखाएका हुन्थे भने यो समस्या धेरै हदसम्म उहिल्यै समाधान भइसकेको हुन्थ्यो । तर, दलहरूको सरोकार अर्कै छ । दलित तिनीहरूका निम्ति केवल भोट हुन्, मान्छे होइनन् । आज पनि मान्छेहरूको भीडमा मान्छेजस्ता छैनन् दलित । उनीहरूको योगदानमाथि दलाली र परिवर्तनमाथि 'हलाली' (भ्रष्टाचार) भएको छ । कुनै दल, संघ, संस्था, संगठन र व्यवस्थाले उनीहरूको योगदानलाई समावेशी रूपमा थोरै पनि कदर गरेको देखिँदैन । एकदुई दलित पात्र र प्रवृत्तिले अवसर पाउँदैमा सिंगो दलित समुदायको मुक्ति सम्भव हुँदैन । यसका लागि व्यवस्थाको चरित्र नै परिवर्तनलाई आत्मसात् गर्ने खालको हुनुपर्छ । दलित समुदायले आफ्नै बलले हासिल गरेका उपलब्धिहरूको पनि दलहरूले संरक्षण गर्न सकेका छैनन्, थप प्राप्तिको त कुरै भएन । दु:खद पक्ष यही हो । मुलुकमा दलित समुदायको जनसंख्या ६० लाखजति छ, जुन मुलुककै नेतृत्व गर्न पुग्ने जनसंख्या हो । तर, दलहरूको दलदल र गोलचक्करमा फस्न पुगेको छ दलित समुदाय र आन्दोलन पनि ।

२०६४ मा ६०१ सांसद हुँदा ५१ जना (८.४८ प्रतिशत) दलित संसद्मा थिए । २०७० को दोस्रो संविधानसभामा त्यो संख्या ४१ मा झऱ्यो । २०७४ मा १९ सांसद दलित समुदायबाट थिए । २०७९ को निर्वाचनबाट २७५ सांसदमा १६ जना (एक जना प्रत्यक्षसहित) दलित समुदायबाट छन् । २०६८ को जनगणना अनुसार, दलित जनसंख्या कुल जनसंख्याको १३.८ प्रतिशत छ । संवैधानिक व्यवस्थाले सोही अनुसार संसद्मा १३.८ प्रतिशत दलित प्रतिनिधित्वको व्यवस्था गरेको छ । तर दलहरूले संविधानको व्यवस्था अनुसारको सहभागिता गराउँदैनन् । समानुपातिक समावेशी प्रणालीलाई आसेपासेका लागि संरक्षित गरिएको छ, खस-आर्य लगायतका शासक वर्गको पोल्टामा पारिएको छ । लाजै पचाएर दलहरूले सीमान्तीकृत समुदायको सहभागितालाई बढाउनुको साटो घटाउँदै लगेका छन् । यसरी दलितमाथि दलहरूको राजनीतिक हिंसा बढ्दो छ । जुन समुदायलाई सबैभन्दा बढी राज्यव्यवस्थाको खाँचो छ, तिनलाई केवल भोटरमा सीमित पारिएको छ । जुन समुदाय सदियौंदेखी राज्यसत्ताको दोहन गरिरहेको छ, हालीमुहाली अहिले पनि उसैको छ । यसले दलहरू आफ्नो नैतिक दायित्वबाट निकै टाढा रहेको प्रस्ट हुन्छ ।

**ऐतिहासिक योगदानको अपमान**

नेपालमा जातीय विभेदविरुद्ध राणाकालमा संघर्षको सुरुआत भएको देखिन्छ । विक्रम संवत् २००० ताका सर्वजित विश्वकर्माको अगुवाइमा विश्व सर्वजित संघ स्थापना भयो । २००८ सालमा जदुवीर विश्वकर्माको नेतृत्वमा धरानमा निम्न समाजसुधार संघ अस्तित्वमा आयो । पछि २००९ सालमा निम्न समाजसुधार संघ र टेलर युनियन मिलेर बनेको जात तोड मण्डल संघ गठन भयो । २०१२ सालमा मिठाईदेवी विश्वकर्मा नेपाल राष्ट्रिय परिगणित नारी संघ खोलिन् । २०२४ सालमा नेपाल राष्ट्रिय दलित जनविकास परिषद् गठन भयो । २०३९ सालमा सिद्धिबहादुर खड्गीको अध्यक्षतामा नेपाल राष्ट्रिय समाज कल्याण संघ खडा भयो । यीसँगै सप्तरीमा सोमन दास हरिजनको 'मरिहरी खाने बहिष्कार' आन्दोलनहरू राणाकाल र पञ्चायती अँध्यारोबीच चम्केका झिल्का थिए । त्यस बखत दलहरूभित्र दलित संगठनमा रहेर जातीय विभेदको विरोध गर्न दिइँदैनथ्यो । विरोध गर्नेले जातिवादी साम्प्रदायिक तथा अराजक एवं राज्यद्रोही भनेर कारबाही भोग्नुपर्थ्यो ।

कांग्रेस र कम्युनिस्टका नाममा विभाजित देशको राजनीतिक वृत्तमा दलित समुदायको सबैभन्दा बढी सहभागिता कम्युनिस्टतर्फ छ । २०४१ मा भारतको अयोध्यामा सम्पन्न भएको नेकपा (मशाल) को पाँचौं महाधिवेशनमा दलित तथा जनजाति सम्बन्धी प्रस्ताव पारित गरिएको थियो । तर एक वर्ष नबित्दै पार्टी विभाजन भएर नेकपा (मसाल) र नेकपा (मशाल) भए । त्यसपछि २०४४ वैशाख ३ मा पातलो मसालनजिकका दलित र जनजातिका दुइटा संगठनको स्थापना भयो । जातीय समता समाजको केन्द्रीय संयोजकमा झलक सिंह भनिने सन्तबहादुर नेपाली चयन भए । २०४५ चैत ५ मा भारतको गोरखपुरमा भएको प्रथम राष्ट्रिय भेलाले राजेश विश्वकर्मालाई केन्द्रीय अध्यक्षमा छान्यो । त्यसपछि क्रमिक रूपमा कांग्रेस, एमाले, माओवादी, मधेशवादी लगायतका राजनीतिक दलहरूले दलित संगठनलाई व्यापकता दिँदै गए । निरन्तर संघर्षको परिणामस्वरूप सांसद परि थापाले २०५३ सालमा छुवाछुत (कसुर तथा सजाय) सम्बन्धी गैरसरकारी विधेयक संसद् प्रस्तुत गरेका थिए । तर, तत्कालीन शेरबहादुर देउवाको सरकारले त्यो विधेयक पारित हुन दिएन । तर, माओवादी जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतको निरन्तरताले जातीय जागरण पैदा गर्दै गयो । त्यसैको बलमा संवैधानिक रूपमै दलित समुदायका हकहितका लागि जातीय विभेद तथा छुवाछुतजस्ता अमानवीय घटनाहरूविरुद्ध विभिन्न कानुनी व्यवस्था हुँदै आए । तर, कमजोर कानुन र न्यून सजायको व्यवस्था अनि फितलो कार्यान्वयनले दलित समुदायका लागि त्यो व्यवस्था नभए बराबर भइरहेको छ । अहिले पनि दलित प्रताडन र विभेदका जालाले जेलिएका छन् । मूलवासी भएर पनि हरेक हिसाबले अनागरिकको जीवन बाँच्न बाध्य छन् दलित ।

हरेक राजनीतिक दलमा भोट बैंकका रूपमा खोलिएका दलित, मुस्लिम, थारू, महिला, आदिवासी, जनजाति, मजदुर, किसान, शिक्षक, युवा, विद्यार्थी संगठनहरू छन् । तर जेका लागि र जुन समुदायको हकहितका लागि भनेर ती संगठनहरू खोलिएका छन्, तिनले त्योबाहेक सबै काम गर्छन् । इतिहासलाई फर्केर हेर्ने हो भने आजसम्मको परिवर्तनमुखी आन्दोलनमा दलित समुदायको समानुपातिक समावेशी योगदान छ तर हकअधिकार, मुक्ति र स्वतन्त्रतामा उनीहरूको पहुँच नै छैन । उनीहरूको भविष्य दलहरूका झ्यालखानामा कैद छ । राजनीतिक दलहरूले दलित संगठनहरू कायम राखेरै छुवाछुत र विभेदलाई कसरी निरन्तरता दिइरहेका छन् भनेर जुन दिन दलितहरूले बुझ्नेछन्, मुक्तिको मार्ग त्यसै बेला खुल्दै जानेछ ।

*(साभार: ई-कान्तिपुर)*

# के हो सीमा विवाद समाधानको बंगलादेश मोडल ?

काठमाडौं/भारत भ्रमणको क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सीमा विवाद समाधानका विषयमा भारत र बंगलादेशको सीमा समस्या समाधान मोडेल पनि एउटा विकल्प हुन सक्ने बताएपछि यस विषयमा पुन: चासो बढेको छ ।

त्यसो त, गत वर्ष तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा पनि भारतका तत्कालीन विदेश सचिव हर्षवर्धन श्रींगलाले बंगलादेशसँगको सीमा विवाद समाधानको प्रसंग उल्लेख गरेका थिए । उनले त्यसबेला भनेका थिए, 'हामीले बंगलादेशसँगको सीमा विवाद समाधान गर्‍यौं, नेपालसँग पनि त्यसैगरी वार्ताद्वारा सीमा समस्या समाधान गर्न सकिन्छ ।'

भारत र पाकिस्तानको विभाजनसँगै पूर्वी पाकिस्तानका रूपमा रहेको बंगलादेशसँग जमिनको विवाद रहँदै आएको थियो । सन् १९७१ मा बंगलादेश स्वतन्त्र भएपछिका ४३ वर्षसम्म पनि त्यो विवाद समाधान हुन सकेको थिएन । भारत र बंगलादेशबीचको चार हजार किलोमिटरको सिमानाका सयौं स्थानमा विवादहरू थिए ।

सन् २०१४ मा नरेन्द्र मोदी भारतको प्रधानमन्त्री निर्वाचित भएलगत्तै सम्पन्न बंगलादेश भ्रमणका क्रममा भारत र बंगलादेशबीच ६ जुन २०१५ मा 'भू-सीमा सम्झौता' भयो । उक्त सम्झौताले करिब चार दशक लामो सीमा विवाद समाधान गर्‍यो ।

यो सम्झौतामार्फत दुई मुलुकले भूमि आदानप्रदान (स्वाप) गरेर सीमा विवाद समाधान गर्न भारतले संविधान नै संशोधन गरेको थियो ।

**के थियो बंगलादेशसँगको सीमा समस्या ?**

सन् १९७१ मा स्वतन्त्र देश बनेको बंगलादेशसँगको सीमा



विवाद अलि फरक प्रकृतिको थियो । दुवै मुलुकले सैयौं यस्तो भूमिमा आफ्नो दाबी गरेका थिए, जुन पूर्णत: अर्को मुलुकको भूभागले घेरिएका थिए, जसलाई इन्क्लेभ भनिन्थ्यो ।

आ-आफ्नो भूभागले घेरिएका त्यस्ता इन्क्लेभभित्र दुवै मुलुकले एकअर्कालाई शासन गर्न दिँदैनथे । ती क्षेत्रमा बस्ने बासिन्दा शिक्षा, स्वास्थ्य लगायत आधारभूत सुविधाबाट पनि बञ्चित बनिरहेका थिए ।

दुवै मुलुकले सीमा समस्या समाधानमा काम गरिरहे पनि नतिजामा पुग्न सकिरहेका थिएनन् । सन् १९७४ मा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धी र बंगलादेशका प्रधानमन्त्री सेख मुजिबुर रहमानले भू-सीमा सम्झौतामा हस्ताक्षर गरेका थिए । तर, सन् १९७५ मा बंगलादेशका प्रधानमन्त्री रहमानको हत्या भएपछि त्यो सम्झौता कार्यान्वयन हुन सकेन ।

त्यसबीचमा भारत र बंगलादेशका बीचमा सीमा समस्या समाधानका लागि प्राविधिक र राजनीतिक तहमा अनेकौं बैठक र वार्ता भए पनि समस्या समाधान हुन सकेको थिएन । द इकोनोमिष्टका अनुसार दुई मुलुकबीच यो समस्या समाधानका लागि १७ सय ११ पटक वार्ता भएका थिए ।

प्रधानमन्त्री मोदीको सन् २०१५ को बंगलादेश भ्रमणका क्रममा ऐतिहासिक भूमि आदान प्रदान सम्झौता भयो । वास्तवमा त्यो एक हिसाबले सन् १९७४ कै भू-सीमा सम्झौताको कार्यान्वयन गर्ने निर्णय थियो ।

सन् २०१५ मा भू-सम्झौतासँगै भारतीय ठूला कम्पनीहरूले बंगलादेशको ऊर्जा क्षेत्रमा ५ अर्ब अमेरिकी डलर लगानी गर्ने सम्झौता पनि भएको थियो । वास्तवमा यहाँ कोर कुटनीति र आर्थिक कुटनीतिको सम्मिश्रण गरी समस्या समाधान गरिएको थियो ।

यो सम्झौताअनुसार भारत र बंगलादेशले ठूलो मात्रामा जमिन साटासाट गरेका थिए । भारतले आफ्नो तर्फका विभिन्न क्षेत्रका ५१ वटा इन्क्लेभ बंगलादेशलाई दियो । ती सबैको कुल क्षेत्रफल ७ हजार ११० एकड थियो । बंगलादेशले पनि आफ्नो भूभागबाट १११ भूक्षेत्रहरू भारतलाई सुम्पियो । त्यसको कुल क्षेत्रफल १७ हजार १६० एकड थियो ।

ती क्षेत्रमा पहिलेदेखि नै बसोबास गरिरहेका बासिन्दालाई देश रोज्न सक्ने सुविधा दिइयो र त्यहीअनुसार नागरिकता प्रदान गरियो । त्यसबाट दुवै देशका कुल ५१ हजार नागरिक प्रभावित भएका थिए । तीमध्ये अधिकांशले नागरिकता परिवर्तन गरेर भए पनि आफू पहिले जहाँ बसिरहेको हो, त्यहीं बस्ने निर्णय गरे ।

यो समस्या समाधान गर्न भारतले आफ्नो संविधान नै संशोधन गर्नुपरेको थियो । भारतले सन् २०१५ को मे १५ मा संविधानमा १०० औं संशोधन गरेको थियो, जसले बंगलादेशसँग भएको सम्झौता अनुसार आफ्नो भूमि बंगलादेशलाई हस्तान्तरण गर्न अनुमति दिन्थ्यो । र, सीमा समस्या समाधानलाई भारत र बंगलादेश दुवै देशले ठूलो उपलब्धिका रूपमा लिने गरेका छन् ।

**नेपालमा बहस सुरु**

भारतका अधिकारीहरू बंगलादेशसँगको अनुभवका आधारमा नेपाल, चीन तथा पाकिस्तानसँगका सीमा समस्या समाधान गर्न सकिने विश्वास गर्छन् । त्यही आशयको विचार भारतका तत्कालीन विदेश सचिव श्रींगलाले गत वर्ष व्यक्त गरेका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा बंगलादेश मोडल फेरि बहसमा आएको छ ।

भारतीय समकक्षी नरेन्द्र मोदीले पहिलो पटक सीमा समस्याबारे सार्वजनिक रुपमा बोलेपछि प्रधानमन्त्री प्रचण्डले यसलाई ब्रेक थ्रू भनेका छन् । र, अब विकल्पहरु सोचिने बताएका छन् । मोदीलाई भेटेको भोलिपल्ट पत्रकारहरुसँग कुरा गर्दै उनले भनेका छन्, 'विकल्पहरूबारे सोच्न सुरु भयो हिजोबाट ।'

त्यस्तो विकल्पमा बंगलादेश मोडेल पनि भएको उनले बताए । 'हामीलाई बंगलादेशसम्म सिधै जाने बाटो चाहिएको छ भनेर नेपालमा उहिलेदेखि आवाज उठिरहेको कुरा हो । त्यसमा कहिँ म्यानेज गर्न सक्ने हो भने पनि एउटा हल हुनसक्छ भनेर हाम्रा विज्ञहरूको सुझाव आउने गरेकै छ', उनले भने, 'अर्को केही पनि हुनसक्छ ।'

यद्यपि बंगलादेश र हाम्रो सन्दर्भमा केही फरक अवस्था छन् । भारत-बंगलादेशले एकअर्काको क्षेत्रमा रहेका भूभागमा दाबी गरेका थिए । नेपालको हकमा कालापानी, लिपुलेक, लिम्पियाधुरा भूमि नेपाल हो भन्ने तथ्यमा विवाद छैन । पछिल्लो पटक यो भूमिलाई समावेश गरेर देशको नक्सा नै सच्याइएको छ । तर यो भूमि लामो समयदेखि भारतको नियन्त्रणमा छ ।

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङलाई प्रश्न- 'फिल्म सफलताको दबाब कति हुन्छ ?'

काठमाडौं/अहिलेको समयका सफल अभिनेता हुन्, दयाहाङ राई । गत वर्षकै कुरा गर्ने हो भने सबैभन्दा बढी हिट फिल्म उनले नै दिए । यस वर्षको पहिलो हिट फिल्म (जारी) पनि उनकै भयो । यसरी हेर्दा उनीप्रति दर्शकको ठूलो विश्वास देखिन्छ । लगातार फिल्म सफल भैरहँदा एउटा कलाकारलाई व्यावसायिक सफलताको दबाबले नराम्ररी थिच्न थाल्छ । जुन अहिले दयाहाङको हकमा लागू हुन्छ ।

तर, फिल्महरु सफल भइरहेका कारण दबाब लिनु उचित नहुने उनको तर्क छ । शुक्रबार फिल्म 'नीरफूल'को विषयमा आयोजित पत्रकार भेटघाटमा उनले भने- 'दबाब के अर्थमा लिने भन्ने कुरा पनि हो । अघिल्ला फिल्म सफल छन् भनेर दबाब लिनु हुँदैन जस्तो लाग्छ । के कारणले त्यो व्यावसायिक रुपमा सफल भयो भन्ने कुरा सोच्न थाल्ने हो भने चाहिँ दबाब कम/बढी गराउने हुन्छ होला ।'

फिल्मको व्यावसायिक सफलता मान्छेको 'टेस्ट'मा पनि भरपर्ने उनको बुझाई छ । उनी 'जारी'को उदाहरण दिँदै भन्छन्, 'यो फिल्म दर्शकका लागि नयाँ कन्टेन्ट थियो । तर, त्यो समुदायका लागि त 'रेगुलर' थियो । मान्छेको टेस्टमा पनि व्यावसायिक कुरा भर पर्छ ।' उनलाई लाग्छ फिल्मको व्यावसायिक पाटो एउटा हो तर त्योभन्दा महत्त्वपूर्ण कुरा आफ्नो फिल्म कति वर्षसम्म बाँच्छ भन्ने हो ।



'व्यावसायिक पाटो एउटा हो । तर, आफूले गरेको फिल्म कति वर्षका लागि बन्यो भन्ने कुरा महत्त्वपूर्ण हो । 'जारी' २०/२५ वर्षपछि हेर्दा पनि उस्तै ताजा लाग्छ । 'नीरफूल' पनि ५०औं वर्षपछि हेर्दा पनि ताजा लाग्छ होला । किनभने हामीले भोगेको समयको कथा हो । फिल्ममा त्यो चिज चाहिँ हुनुपर्छ,' उनले भने । आफ्नो फिल्मले निर्माताको पैसा फिर्ता गरोस् भन्ने चाहिँ लाग्ने उनी बताउँछन् ।

उनी जुन समुदायबाट प्रतिनिधित्व गर्छन्, नेपाली फिल्मले वर्षौंसम्म त्यो समुदायको कथालाई उठाउनै चाहेन । वा भनौं, मुलधारको विषय नै मानेन । तर, केही वर्षयता दयाहाङले प्रतिनिधित्व गर्ने समुदायकै कथाहरु फिल्ममा बढी भनिन थालिएको छ र रुचाउन थालिएका छन् । फरक कथाले नेपाली फिल्मलाई फराकिलो बनाउने उनको धारणा छ । यो निकै आवश्यक पनि देख्छन् उनी ।

'समुदायको कथा भनिनुपर्छ । हामीले काठमाडौं बसेर देख्ने चिज मात्रै हाम्रो भोगाइ, समाज र देश होइन । मैले बाँच्ने र सोच्ने तरिका र अरुले बाँच्ने र सोच्ने तरिका नै फरक छ । विश्वासका कारणले हामी सबैको आ-आफ्नै सोचाइ र भोगाइ छ । र, बाँच्ने तरिका पनि फरक हुन्छ । त्यो हुने वितिक्कै कथा र जीवन नै फरक हुन्छ । यो चिज नआएपछि न समस्या भएको हो,' दयाहाङको ठम्याइ छ ।

फरक-फरक कथा नभनिँदा नेपाली फिल्म फराकिलो हुन नपाएको उनको बुझाई छ । 'फरक कथा भन्न हामीमा 'प्राक्टिस' नै भएन । हामी 'प्राक्टिस' गर्न डराएको हो,' उनी भन्छन्, 'अहिले 'प्राक्टिस' भैरहेको छ । र, यो हुनु जरुरी छ ।' दयाहाङ 'नीरफूल'लाई आफ्नो करिअरको एउटा राम्रो फिल्मको रुपमा लिन्छन् । र, फिल्मको कथामा आम दर्शकले आफूलाई पाउने उनको विश्वास छ ।

# 'जारी'ले पूरा गर्‍यो ५१औं दिन, कमाई कति ?

काठमाडौं/फिल्म सफलताको ठूलो मानक मानिने प्रदर्शनको ५१औं दिने यात्रा यस वर्षका लागि फिल्म 'जारी'ले पूरा गरेको छ । गत बैशाख १ गतेबाट प्रदर्शनमा आएको फिल्मले शनिबार उपत्यकाबाहिर ११ वटा र उपत्यकाभित्र १८ वटा गरी २९ वटा हलमा प्रदर्शनको ५१औं दिन मनाएको हो । निर्माण कम्पनी बासुरी फिल्म्सले ५१औं दिने खुसीमा एक पोस्टरमार्फत् दर्शकलाई धन्यवाद ज्ञापन गरेको छ ।

फिल्मले ५१औं दिने यात्रामा १६ करोड ७५ लाख ग्रस कमाई गरेको चलचित्र विकास बोर्डको तथ्यांकमा देखिएको छ । कति हलमा अझै बक्स अफिस सिस्टम जडान नभैसकेकाले बोर्डको तथ्यांकभन्दा फिल्मको कमाई १० प्रतिशत बढी हुनसक्ने देखिन्छ । यसरी हेर्दा फिल्मले घरेलू बक्स अफिसमा साढे १७ करोड नजिक कमाई गरेको हुनसक्छ । नेपाली फिल्मको हकमा यो ठूलो अंक हो ।




उपेन्द्र सुब्बाको निर्देशनमा बनेको फिल्मले विदेशी भूमिमा पनि जबर्जस्त कमाई गरेको छ । जापान, हङकङ, बेलायत, अमेरिका, अष्ट्रेलिया जस्ता देशमा फिल्मका प्राय: शो हाउसफुल भएका छन् । ५१औं दिनसम्ममा पनि नेपालका हलमा फिल्मको अकुपेन्सी सुखद नै देखिएको छ । शक्तिशाली 'वर्ड अफ माउथ'का कारण फिल्मले प्रदर्शनको ५१ औं दिने यात्रा पूरा गर्न सम्भव भएको हो ।

लिम्बु समुदायमा प्रचलित जारी प्रथाको पृष्ठभूमिमा दयाहाङ राई र मिरुना मगरको प्रेमकथा बुनिएको 'जारी'मा विजय बराल, प्रेम सुब्बा, पुष्कर गुरुङ, रोयदीप श्रेष्ठ, कमलमणि नेपाल, रेखा लिम्बुको पनि अभिनय छ । 'कबड्डी' निर्देशक रामबाबु गुरुङ निर्माता रहेको फिल्मलाई निर्देशक सुब्बा स्वयंले लेखेका हुन् । डेब्यू फिल्मबाटै सुब्बाले निर्देशनमा सफलता र प्रशंसा दुवै पाएका छन् ।

# वार्षिक आम्दानीअनुसार कति तिर्ने आयकर ?

काठमाडौं/सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत करका विभिन्न दर हेर फेर गर्‍यो । आर्थिक विधेयक २०८० मार्फत सरकारले आयकरसम्बन्धी व्यवस्थामा पनि संशोधन गरेको छ । वार्षिक करयोग्य आय २० लाख रुपैयाँभन्दा बढी भएका व्यक्तिले तिर्नुपर्ने आयकर बढाइएको छ ।

आर्थिक विधेयकमा भएका व्यवस्थाबारे आन्तरिक राजस्व विभागले शुक्रबार थप स्पष्ट पार्दै आगामी आर्थिक वर्षमा तिर्नुपर्ने आयकरसम्बन्धी विवरण सार्वजनिक गरेको छ । नयाँ व्यवस्था अनुसार २० लाखभन्दा माथि ५० लाख रुपैयाँसम्मको करयोग्य आयमा ३६ प्रतिशत आयकर लाग्नेछ । त्यस्तै ५० लाखभन्दा माथिको जुनसुकै कर योग्य आयमा ३९ प्रतिशत कर लाग्नेछ । वार्षिक २० लाखभन्दा कम करयोग्य आय भएका व्यक्तिका लागि भने करका दर यथावत राखिएका छन् ।

हाल एकल व्यक्तिले पाँच लाखसम्म र दम्पतीको हकमा छ लाखसम्मको करयोग्य आयमा एक प्रतिशत आयकर तिर्नुपर्छ । तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा भने एक प्रतिशत कर आयकर नलाग्ने व्यवस्था रहेको छ ।

एकल व्यक्तिले पाँच देखि सात लाखसम्म र दम्पत्तिको हकमा छ लाखदेखि आठ लाखसम्मको कर योग्य आयमा १० प्रतिशत आयकर तिर्नुपर्छ । एकल व्यक्तिको हकमा सात लाखभन्दा बढी र १० लाख सम्म तथा दम्पतीको हकमा आठ लाखदेखि ११ लाखसम्मको आयमा २० प्रतिशत आयकर तिर्नुपर्छ ।

एकल व्यक्तिको हकमा दश लाख देखि २० लाख र दम्पत्तिको हकमा ११ लाखदेखि २० लाखसम्मको आयमा ३० प्रतिशत आयकर लाग्ने



व्यवस्था रहेको छ ।

वार्षिक करयोग्य आय गणना गर्दा विभिन्न शीर्षकको रकम गणना गर्नु नपाउने अर्थात् छुटको व्यवस्था पनि आर्थिक विधेयकमा राखिएको छ । प्राकृतिक व्यक्तिको आयमा समावेश नहुने रकम वा खर्चमा छुट हुने रकम पनिको सीमा सरकारले तोकिदिएको छ ।

कुनै व्यक्तिले अवकाश कोषमा योगदान गर्दा वार्षिक रू तीन लाख वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकममा आफ्नो करयोग्य आयबाट घटाउन सकिने व्यवस्था रहेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्दा भने रू पाँच लाख वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन कम हुन्छ, सो रकमसम्मको आफ्नो करयोग्य आयबाटबाट घटाउन सक्ने व्यवस्था छ ।

दुर्गमभत्ता सुविधा पनि करयोग्य आयबाट घटाउन मिल्छ । त्यस्तै नेपालका विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीलाई प्राप्त हुने वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाउन सकिने राजस्व विभागले जनाएको छ ।

निवृत्तिभरणबाट भएको आयमा व्यक्तिले पाउने छुट सीमामा २५ प्रतिशत घटाउन पाइनेछ । त्यस्तै, अपाङ्ग व्यक्तिले आफ्नो करयोग्य आयमा थप ५० प्रतिशत रकम घटाउन पाउनेछन् । बीमाबापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा ४० हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाइन्छ । स्वास्थ्य बीमावापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रू पाँच हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाइन्छ ।

व्यक्तिले आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमावापत तिरेको वार्षिक प्रिमियम वा पाँच हजारसम्मको रकममा जुट घटी हुन्छ त्यस्तो रकम पनि कर योग्य आयबाट घटाउन पाइन्छ । औषधि उपचार खर्चबापत बिल बमोजिमको वास्तविक खर्च रकमको १५ प्रतिशत वा सात सय ५० मा जुन घटी हुन्छ, उक्त रकम पनि कर मिलान गर्न सकिने व्यवस्था रहेको छ । *(स्रोत: अनलाइनखबर)*

# वचत फिर्ताको माग गर्दै काठमाडौंमा सहकारी पीडितको प्रदर्शन

काठमाडौं/सहकारी पीडित वचतकर्ता महासंघ संघर्ष समितिले वचत फिर्ताको माग राख्दै काठमाडौंमा विरोध प्रदर्शन गरेको छ ।

सहकारीबाट ठगिएका पीडितहरु एक हुँदै सहकारीमा राखेको वचत सरकारले फिर्ता गरिदिनुपर्ने माग राख्दै शनिबार काठमाडौंको माइतीघरदेखि बानेश्वर सम्म प्रदर्शन गरेका हुन् । सहकारी वचतकर्ता पीडितहरुले सहकारीहरुले फिर्ता नगरेको सर्वसाधारणको वचत रकम फिर्ताको लागि स्थानीय तहदेखि केन्द्र सरकारसम्म याचना गर्दा पनि सुनुवाइ नभएको बताए ।

संघर्ष समिति अध्यक्ष सुनितासिंह राजभण्डारीले सहकारीको वचत फिर्ताको लागि राज्यका सबै निकाय धाउँदा कतै पनि सुनुवाइ नभएपछि संयुक्त रुपमा पीडितहरु सडक आन्दोलनमा आएको बताइन् ।

उनले सहकारीहरुलाई नियन्त्रण गर्ने एउटा मात्रै निकाय बनाउनुपर्ने र सहकारीहरुलाई आफैंले नीति नियम बनाउन बन्द गर्नुपर्ने माग गरिन् । सहकारीमा वचत गरेको लाखौं रुपैयाँ सहकारीले खाएर भागेपछि पीडितले न्याय सडक आन्दोलनमार्फत माग्न बाध्य भएको उनको भनाइ छ ।

अध्यक्ष राजभण्डारीले काठमाडौं महानगरपालिका, वडा कार्यालय र प्रदेश सरकारसम्म न्याय माग्न जाँदा सुनुवाइ कतैबाट पनि नभएको गुनासो गरिन् ।

अहिले १०० भन्दा बढी सहकारीमार्फत ठगिएका वचतकर्ताहरु एक ठाउँमा रहेको उनको भनाइ छ । सहकारीमा बाटोमा दिनभर मकै पोल्ने, भारी बोकेर वचत गर्नेहरुको रकम फसेको अध्यक्ष राजभण्डारीको भनाइ छ ।

पीडितहरुले सडकमा रगत पसिनाले कमाएको पैसा फिर्ता गर, वचतकर्ता रकम अविलम्व फिर्ता गर, सहकारी सञ्चालकको सम्पत्ति तत्काल रोक्का गर, सहकारीहरुलाई राष्ट्र बैंकको निगरानीमा राख्ने व्यवस्था गर लगायतको माग राखेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# सत्तापक्षकै असन्तुष्टीबीच प्रदेशको नीति, कार्यक्रम बहुमतले पारित

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम सत्तापक्षकै सांसदको असन्तुष्टिकाबीच बागमती प्रदेशसभाबाट बहुमतले पारित भएको छ । प्रदेशसभाको शुक्रवारको बैठकले जेठ १४ को बैठकलाई सम्बोधन गर्दै प्रदेश प्रमुख यादवचन्द्र शर्माले पेस गरेको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम वागमती सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो ।



बुधवारदेखि सुरु भएको नीति तथा कार्यक्रमको छलफलमा पहिलो दिनमा २० जना, दोश्रो दिनमा ३८ जना र अन्तिम दिनमा १९ जना सत्तापक्ष र प्रतिपक्ष दलका सांसदले उठाएका प्रश्नको जवाफ शुक्रवारको बैठकमा मुख्यमन्त्री शालीकराम जम्मकट्टेलले दिएका थिए । मुख्यमन्त्रीले सबै सांसदलाई एकमत भएर नीति तथा कार्यक्रमको पक्षमा उभिन आग्रह गरेका थिए । नीति तथा कार्यक्रममा प्रतिपक्ष दलका सांसदले दर्ता भएका संशोधन प्रस्ताव निर्णयार्थ पेस गरिएका थिए ।

प्रमुख प्रतिपक्ष दल एमालेका सांसद प्रकाश श्रेष्ठ, मधुसुदन पौडेल, एकालाल श्रेष्ठ र नेपाल मजदुर किसान पार्टीका सांसद शुरेनद्रराज गोसाई, सिर्जना सायजुको संशोधन फिर्ता नभएपछि बहुमतले अस्वीकृत भएको थियो । वागमती प्रदेशसभाको अर्को बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको सभामुख भुवनकुमार पाठकलले जानकारी दिएका छन् ।

**सत्तापक्षकै सांसदको असन्तुष्टि**

वागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सत्तापक्षकै सांसदका असन्तुष्टिका बीच बहुमतले पारित भएको छ । प्रदेश सरकराले सार्वजनिक गरेको नीति तथा कार्यक्रमको विषयमा लगातार तीन दिनसम्म भएको छलफलमा सत्तापक्षकै सांसले प्रदेशबारे चुनौती र प्रश्न उठेको भन्दै प्रदेशको औचित्य पुष्टि गर्ने गरी प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि जनपक्षीय नीति तथा कार्यक्रम र बजेट आउनुपर्नेमा जोड दिएका थिए ।

छलफलका क्रममा सत्तापक्षका सांसद एवं नेकपा एकिकृत समाजवादी वाग्मदी प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले अघिल्ला वर्ष राजेन्द्र पाण्डे नेतृत्वको सरकारले ल्याएको ‘वडा समाजवादी’ कार्यक्रमलाई निरन्तरता नदिएको भन्दै असन्तुष्टि जनाएका थिए । उनले चालु आर्थिक वर्षमा ७० अर्वभन्दा बढिको बजेट बनाउँदा काम गर्न नसकेको ईतिहास साक्षी रहेको भन्दै अहिले काम गर्छु भन्ने तागत भएपनि बजेट अपुग हुँदा त्यसमा सन्तुलन मिलाउन मुख्यमन्त्रीलाई ध्यान दिन आग्रह गरे ।

नीति तथा कार्यक्रममा वृद्धवृद्धाको कार्यक्रम नआएको र शिक्षाको सन्दर्भमा स्थानीय तहसँग समन्वय गरेर प्राविधिक विषयलाई प्राथमिकता राख्दै रोजगारी सिर्जना गर्ने खालका सरकारी विद्यालयमा पढेर आएका विद्यार्थीलाई प्राथमिकता राख्ने खालका कार्यक्रम बजेटमा समावेश गर्न सुझवा दिएका थिए । त्यसैगरी छलफलमा सत्तापक्ष नेपाली कांग्रेसका सांसद ईन्द्रबहादुर बानियाँले पनि नीति तथा कार्यक्रममा असनतुष्टि जनाएका छन् । नीति तथा कार्यक्रमको आधारमा बजेट व्यवस्था चुनौती हुने भन्दै स्रोत जुटाउने खालका कार्यक्रम ल्याउन आग्रह गरे ।

‘स्रोत घट्दै गएको छ । चाहे त्यो घरजग्गा होस् या अरुमा त्यसकारकण करको दायरा र कर लाई प्रभावकारी बनाएर स्रोत जुटाउने कार्यक्रम समावेश गर्नुपर्दछ,’ सांसद बानियाँले भने, ‘नीति तथा कार्यक्रम राम्रो आएको छ तर, बजेट बन्दै गर्दा हावादारी नहोस्, भोलि कार्यान्वयन पक्षमा चुनौती आउने हुँदा हामीले बनाएको बजेट यथार्थ, सत्य, तथ्यमा आधारित होस् ।’ उनले प्रदेश सरकरले ल्याएको नीति तथा कार्यक्रम प्रस्तुत हुँदै गर्दा भुक्तानी दिन नसकेर जताततै आलोचना अवस्था सिर्जना हुने खालका कार्यक्रम नल्याउन आग्रह गरे ।

छलफलका क्रममा सत्तापक्षकै सांसद नेकपा एकिकृत समाजवादीकी रमा आलेमगरले पनि सरकारले ल्याएको नीति तथा कार्यक्रमको बचाउ गर्दै घुमाउरो पारामा पौराणि ईतिहास संरक्षण गर्ने कार्यक्रमहरु छुटाएको बताएकी छन् । उनले सबै भन्दा ठुलो ईतिहास रहेको भन्दै त्यसलाई जोगाउन र संरक्षण गर्न बजेटमा समावेश गर्न आग्रह गरिन् । छलफलमा सत्तापक्षका सांसद माओवादी केन्द्रका प्रेमबहादुर पुलामीले पनि सरकारले उत्पाद ल्याउने कार्यक्रम गर्नुपर्ने सुझवा दिएका थिए । उनले सरकारले ल्याएको नीति तथा कार्यक्रम राम्रो आएको तर, केही छुट्टेको हुँदा अरुसँग हात नथापेर प्रदेश सरकारलै बित्तीय लगानी गरेर ठुला र साना विद्युतीय आयोजनाहरु सञ्चालन गरेर त्यहाँबाट आर्थिक उपार्जन गर्न सक्ने बताए । उनले किसानको घरमा मल र बीउ नपुगेको भन्दै समयमा मल र बीउ पुऱ्याउने कार्यक्रम ल्याउन सुझाव दिए ।

छलफलमा सत्तापक्षकै सांसद हरिप्रभा खड्गी श्रेष्ठ, समिता खड्गी, क्षेत्रबहादुर बम्जन, सरल सहयात्री पौडेल लगायतले सरकारले ल्याएको नीति तथा कार्यक्रको बचाउ गरेजस्तो गरेर असन्तुष्टि जनाउँदै केही सुझाव समेट्न आग्रह गरेका थिए । प्रतिपक्ष दल नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीका सांसदले भने सरकारले ल्याएको नीति तथा कार्यक्रम कर्मकाण्डी भएको भन्दै कार्यान्वयनमा चुनौती हुने दावी गरेका थिए ।

**वागमती प्रदेश सरकारले फजुल खर्च हुने काम गर्दैन: मुख्यमन्त्री जम्मकट्टेल**

वागमती प्रदेशका मुख्यमन्त्री शालीकराम जम्मकट्टेलले सरकराले फजुल खर्च गर्ने खालका कुनै पनि काम नगर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको छलफलमा सांसदहरुले उठाएको प्रश्नको सत्तापक्षको समर्थन सहित रचनात्मक सुझाव र प्रतिपक्षको आलोचनात्मक सुझाव आएको भन्दै प्रदेश सरकारले बिबादित हुने काम नगर्ने दावी गरे । नीति तथा कार्यक्रम उत्कृष्ठ भएको दावी गर्दै मुख्यमन्त्री जम्मकट्टेलले अघिल्लो वर्षको नीति तथा कार्यक्रम भन्दा उत्कृष्ठ भएको दावी गरेका हुन् ।

मुख्यमन्त्री जम्मकट्टेलले तीन तहको सरकारबीचको समन्वयलाई जोड दिएर नीति तथा कार्यक्रम ल्याएको भन्दै हचुवाको आयोजना भन्दा पनि नीति नै बनाएर ल्याउने तयारी गरेको बताए । ‘सबै आयोजनालाई हामी प्रदेशको गौर वको आयोजना भन्न सकिदैनौं । अब यस्को नीति बनिसकेपछि यस्मा प्रष्टै लेखिएको छ मापदण्ड तर्जुमा गरिने छ भन्ने कुरा,’ मुख्यमन्त्रीले भने, ‘त्यसको लागत कति र त्यसले आर्थिक राजनीतिक क्षेत्रमा पार्ने सामाजिक क्षेत्रमा पार्ने प्रभावलाई हेरेर मात्रै प्रदेश गौरवको आयोजना स्वीकृत गर्छौं ।’

मुख्यमन्त्री जम्मकट्टेलले राजश्वको दायरालाई फराकिलो बनाउने कुरा नीति तथा कार्यक्रममा प्रष्टसँग बोलिएको भन्दै स्वास्थ्यका क्षेत्रमा सबै हिसाबले सुदृढ गर्ने नीति प्रदेश सरकारले अगाडि सारेको बताए । उनले ‘एक विद्यालय एक नर्स’ कार्यक्रम सबै माध्यमिक विद्यालयमा कार्यान्वयन गर्ने कायक्रम ल्याएको बताए । उनले विशेषगरी सामुदायिक विद्यालयसँग सम्बन्धित नीति बनाउनेगरी सरकार अगाडि बढेको भन्दै त्यसको निम्ति समिति बनेको जानकारी दिए ।

मुख्यमन्त्री जम्मकट्टेलले कृषिको उत्पादन बढाउनको निम्ति सबै किसान उत्पादनमा सहभागी हुने वातावरण सिर्जना गर्नुका साथै बजारीकरण गर्ने खालका कार्यक्रम समेटिएको दावी गरे । उनले श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत यातायात क्षेत्रको कार्यक्रम धेरै भएको भन्दै श्रमको क्षेत्रमा नयाँ कार्यक्रम बजेटमा ल्याउने र विद्युतीय गाडी दर्ताको प्रक्रिया अगाडि बढेको उल्लेख गरे ।

# हेटौंडा २ र १९ तेश्रो मेयर कपको क्वाटरफाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ हेटौंडा-५ पिप्ले क्याम्पा रंगशालामा जारी तेश्रो हेटौंडा उपमहानगर पालिका मेयर कप पुरुष फुटबलको क्वाटर फाइनलमा हेटौंडा-२ र १९ प्रवेश गरेका छन् ।

शनिवार भएको प्रतियोगितामा हेटौंडा-२ ले १७ नम्बरलाई र १९ ले ८ नम्बरलाई पराजित गर्दै अन्तिमा आठमा स्थान बनाएका हुन् । प्रतियोगिताको पहिलो खेलमा हेटौंडा-२ ले १७ लाई १-० र दोश्रो खेलमा हेटौंडा-१९ ले ८ लाइ २-० गोल अन्तरले पराजित गर्दै बिजयी बनेका थिए ।

प्रतियोगिताको प्रतिष्पर्धात्मक पहिलो खेलमा हेटौंडा-२ ले पहिलो हाफको ३३ औं मिनेटमा गोल गर्दै अग्रता लिएको थियो । टिमका लागि कैलाश श्रेष्ठले गोल गरेका थिए । टिमका लागि निर्णायक गोल गर्ने श्रेष्ठ खेलको म्यान अफ दी म्याच घोषित भए ।

त्यस्तै प्रतियोगिता अन्तरगतको दोश्रो खेलमा हेटौंडा-१९ बिजयी भएको छ । खेल सुरु भएको ६ मिनेटमा गोल गर्दै १९ ले खेलमा अग्रता लिएको थियो । ८ नम्बरका गोलकिपरलाई क्रस गराउँदै १९ का संजीत गोङवाले टिमलाई अग्रता दिलाएका थिए । एक गोलले पछि परेको ८ नम्बर मानसिक रुपमा कमजोर देखिएको थियो । आन्तरीक खेल सुधारे पनि पोल अट्याक्ट र आक्रमक खेल प्रस्तुत गर्न नसकेको ८ नम्बरको टोली पहिलो हाफको १७ औं मिनेटमा दोश्रो गोल खान बाध्य भयो ।

हेटौंडा-१९ का बुद्ध बलले डिबक्स भित्रबाट गरेको आकर्षक प्रहारले जाली चुमेको थियो । पहिलो हाफमा २ गोलले अग्रता लिएको टोलीसँग निर्धारीत समयभर खेलेपनि निर्णय निकाल्न हेटौंडा-८ ले सकेन । दोश्रो गोलसँगै गोलअन्तरले पछि परेको टोली र १९ बीच बिवाद हुँदा केहीबेर खेल रोकिएको थियो । खेलमा हेटौंडा-१९ का संजीत गोङवा म्यान अफ दी म्याच घोषित भए ।

उपमहानगरका १९ वडाको सहभागिता रहेको प्रतियोगितामा बिजेताले नगद २ लाख, उपबिजेता १ लाख ५० हजार, सन्तवना २ वटा टिमलाई ५०/५० हजार, सर्बोत्कृष्ठ खेलाडीलाई १५ र उत्कृष्ठ खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगद सहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

प्रतियोगिता अन्तरगत आइतबार हेटौंडा-१० र १३ तथा ४ र १५ नम्बर वडाबीच दुईवटा खेल हुने आयोजकले जनाएको छ । हेटौंडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिता जेठ २७ गतेसम्म चल्ने छ ।

# वातावरण दिवसमा सचेतना ऱ्याली

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-११ को आयोजनामा विश्व वातावरण दिवसको अवसरमा सचेतना ऱ्याली गरिएको छ ।



हेटौंडा उपमहानगर पालिका ११ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा वातावरण दिवसको सन्दर्भमा १६ गतेदेखि सुरु भएको विविध गतिविधि सचेतनामूलक ऱ्याली तथा पुरस्कार वितरण गरिएको हो । सचेतना ऱ्यालीमा झोलुङ्गे पुल टोलविकास संस्था प्रथम भएको छ । यसैगरी लालिगुराँस टोलविकास संस्था दोस्रो, जिम्वाडांडा टोलविकास संस्था तेस्रो भएको आयोजकले जनाएको छ । यसैगरी गणेशस्थान टोलविकास संस्था र प्रगति टोलविकास संस्थाले सान्त्वना पुरस्कार प्राप्त गरेको थियो । सबैलाई नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा बालक्लब स्तरीय हाजिरीजवाफ र बतृत्वकला प्रतियोगिता पहिलो, दोश्रो तेश्रो र चौथो हुनेलाई समेत प्रमाणपत्र र नगद पुरस्कारबाट सम्मान गरिएको थियो ।

कार्यक्रममै महिला उद्यमी बिमला थापा र बिमला बर्तौला र नगरस्तरिय बृहत् उद्यमी प्रदर्शनी तथा नृत्य प्रतियोगितामा चौथो हुनेलाई नगद ५ हजार र प्रमाणपत्र प्रदान गरिएको थियो । ऱ्यालीको मूल्यांकन सहभागी संख्या, झांकी, पोषाकको आधारमा पत्रकार सरिता दाहाल, आनन्दभैरव आधारभूत विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद खनालले बर्षभरिको गतिविधिको आधारमा टोल विकास संस्था नगर समन्वय समितिले गरेको थियो । वडानम्बर ११ मा रहेका २३ वटामध्ये १७ वटा टोलविकास संस्थाले ऱ्यालीमा सहभागिता जनाएका थिए ।

हेटौंडा ११ को वडा कार्यालयबाट सुरु भएको ऱ्याली बिपन्न बचत तथा ऋण सहकारीको प्रतिक्षालयमा पुगेर पुरस्कार वितरण कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा वडाअध्यक्ष जुना दाहाल टोल विकास संस्था नगर समन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठ, रामेश्वर नगरकोटीले कार्यक्रमको महत्व तथा वातावरण संरक्षणमा टोलविकास संस्थाको भूमिकाको बिषयमा धारणा राखेका थिए ।

समन्वय समितिका अध्यक्ष यज्ञबहादुर आचार्यको सभाध्यक्षाता संचालन भएको कार्यक्रममा वडाअध्यक्ष जुना दहालको प्रमुख आतिथ्यता वडासदस्यहरु गोपिनी सापकोटा, विकास नेपाल, गीता सुनार, सञ्जय बिडारी, टोलविकास संस्था नगर समन्वय समितिका उपमहासचिव देवकुमार श्रेष्ठ, नगर सदस्य शिवराज पुडासैनीलगायतको उपस्थिति रहेको थियो ।

# विश्व वातावरण दिवस: साइकल ऱ्याली

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/विश्व वातावरण दिवसको अवसरमा हेटौडामा सम्मान तथा साइकल ऱ्याली गरिएको छ । टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगरपालिकाको आयोजनामा शनिबार वातावरणीय सचेतना मूलक साइकल ऱ्यालि तथा सम्मान कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा हेटौंडाको पर्यटन, स्वास्थ्य र साइक्ल अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने दीपेन्द्रचन्द ठकुरी, संगीत श्रेष्ठ, शैलेश मानन्धर, मरणोपरान्त नरेशलाल श्रेष्ठलाई सम्मान गरिएको छ । अभियन्तालाई सम्मानअघि शनिबार बिहान वातावरणीय सचेतनामूलक साइकल ऱ्यालीको आयोजना गरिएको थियो । हेटौंडा उपमहानगरपालिका हेटौडा-२ कार्यालय परिसरबाट सुरु भएको साइकल ऱ्याली कान्तिराजपथ, नागस्वती, कमाने, हुप्रचौर हुँदै पुन: हेटौंडा उपमहानगरपालिकाको कार्यालय परिसरमै पुगेर समापन भएको थियो । ऱ्यालीमा ६५ जना साइकलयात्रीको सहभागिता रहेको थियो ।

टोल विकास संस्था नगर समन्वय समिति हेटौडाका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वातावरण समिति प्रमुख एवम् वडा नम्बर १० का वडाअध्यक्ष फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा १४ नम्बर वडाअध्यक्ष दीपक खड्काको उपस्थिति रहेको थियो ।

यसैगरी विश्व वातावरण दिवसकै अवसरमा सामुदायिक विकास तथा सचेतना नेपाल र बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको आयोजनामा मेरो फोहोर मेरो जिम्मेवारी अभियानको सुरुवात गरिएको छ । कार्यक्रममा विद्यालयको तर्फबाट सचेतनामूलक नाटक र गीत प्रस्तुत गरिएको थियो ।

टोल विकास संस्था नगर समन्वय समितिको समन्वयमा भएको अभियानमा विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीको अध्यक्षता हेटौंडा उपमहानगरपालिका वातवारण तथा विपद् व्यवस्थापन समितिका संयोजक १० नम्बर वडाका अध्यक्ष फुर्वा लामा, सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सीना, टोविसं नगर समन्वय समिति अध्यक्ष, विद्यालयका सहायक प्रधानाध्यापक अमुल श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

# एपीएफलाई राष्ट्रिय भलिबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/हेटौंडा उपमहानगरपालिका-४, हुप्रचौर स्थित भलिबल कोर्टमा बलियो विभागीय टोली नेपाल आर्मी क्लबलाई हराउँदै सशस्त्र प्रहरीको एपीएफ क्लबले राष्ट्रिय भलिवलको उपाधि जितेको छ ।

केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठान, हेटौंडा र जिल्ला भलिबल संघ मकवानपुरले आयोजना गरेको पहिलो खुला पुरुष भलिबल प्रतियोगिता-२०८० को फाइनलमा एपीएफले जित निकालेको हो । शनिवार भएको फाइनल खेलमा एपीएफले आर्मीलाई ३-१ को सेटमा हराएको छ ।

एपीएफले आर्मीलाई पहिलो सेट २५-२० ले हराउँदा दोस्रो सेट १७-२५ ले गुमाएको थियो । यसैगरी बाँकी दुई सेट लगातार २५-१७ र २९-२७ ले एपीएफलेले जीतेको हो । आर्मीले समूह चरण र सेमिफाइनलमा गरेको प्रदर्शन एपीएफसँग दोहोऱ्याउन सकेन । आर्मीका मुख्य स्पाइकर सरण सामरीलाई एपीएफले दबाबमा राखेको थियो ।

एपीएफ शुक्रबार मध्यान्ह भएको सेमिफाइनल खेलमा गण्डकी प्रदेश भलिबल टिमलाई हराएर आर्मीसँग उपाधिका लागि भेट पक्का गरेको थियो । आर्मी भने शुक्रबार बिहानै भएको पहिलो सेमिफाइनल खेलमा नेपाल पुलिस क्लबलाई हराएर फाइनल यात्रा तय गरेको थियो ।

प्रतियोगिताको उपाधि जितेसँगै एपीएफले २ लाख रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता आर्मीले १ लाख रुपैयाँ पायो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी एपीएफका विजयी थापा घोषित भए । उनले नगद १५ हजार पाए ।

प्रतियोगिताको उत्कृष्ट सेटर एपीएफका सुबास कुँवर, उत्कृष्ट स्पाइकर आर्मीका सरण सामरी, उत्कृष्ट डिफेन्डर आर्मीका ईश्वर थापा, उत्कृष्ट ब्लकर आर्मीका सञ्जय चौधरी र उत्कृष्ट प्रशिक्षक एपीएफका पुष्पराज मल्ल घोषित भए । विधागत रुपमा उत्कृष्ट भएका खेलाडीले जनही नगद ५-५ हजार रुपैयाँ पाएका छन् ।

सान्त्वना पुरस्कार पुलिस र गण्डकीले ५०/५० हजार रुपैयाँ हात पारे । विजेता तथा उपविजेता र उत्कृष्ट खेलाडीलाई हेटौंडा उपमहानगरकी प्रमुख मीनाकुमारी लामा, ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देल, प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टलगायतले पुरस्कार वितरण गरेका थिए ।

१६ जेठबाट सुरु प्रतियोगितामा राष्ट्रिय र मोफसलका गरी १० टिमले सहभागिता जनाउने भनिएता पनि अन्तिममा ७ वटा मात्रै टिम आएका थिए । प्रतियोगितामा नेपाल आर्मी, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, मकवानपुर जिल्ला भलिबल संघ, बागमती प्रदेश भलिबल टिम, मधेश प्रदेश भलिबल टिम, मणिमुकुन्द भलिबल टिम, गण्डकी प्रदेश भलिबल टिम, वालिङ भलिबल टिम स्याङ्जा र पाथिभरा भलिबल टिम झापाको १० वटा टोलीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए ।

बागमती प्रदेश भलिबल टिम, मधेश प्रदेश भलिबल टिम, मणिमुकुन्द भलिबल टिम आएनन् ।

# हेटौंडामा चलचित्र ‘नम्बरी सुन’को प्रिमियर शो

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ हेटौंडामा नेपाली चलचित्र नम्बरी सुनको ‘प्रिमियर शो’ भएकोछ । शनिबार हेटौंडाको ओम्याक्स सिनेमा घरमा चलचित्रको प्रिमियर गरिएको हो ।



हेटौंडा निवासी नारायण खातीले निर्माण गरेको चलचित्रको पहिलो शो नै हेटौंडामा गरिएको हो । आफ्नो ठाउँमा आफूले बनाएको चलचित्रलाई प्रिमियर गरी भदौ १ गतेबाट देशभर प्रदर्शन गरिने निर्माता खातीले जानकारी दिए । चलचित्र हेरिसकेपछि दर्शकले चलचित्रलाई राम्रो प्रतिक्रिया दिएका छन् । सुन र सुन बनाउने पुरानो चलनलाई चलचित्रको पर्दामार्फत देखाइएको छ । सुनसँग जोडिएर बनाइएको चलचित्र एउटा सामाजिक कथावस्तु रहनुका साथै गाउँघरमा हुने सुनारलाई हेर्ने गाउँका काजीहरुको नजरलाई चलचित्रमा समावेश गरिएको चलचित्रका निर्देशक राजु गिरीले बताए ।

गाउँले परिवेश र जातित्वसँगै मायाप्रेमलाई चलचित्रमा समावेश रहेकाले हेरेर प्रतिक्रिया दिन चलचित्रका नायक गौरव पहारीले बताएका छन् । प्रिमियर शोमा चलचित्रका निर्देशक राजु गिरी, निर्माता नारायण खाती, कलाकार गौरव पहारी, किरण नेपाली लगायतको उपस्थिति रहेको थियो । चलचित्र पत्रकार संघ नेपाल मक्वानपुरका उपाध्यक्ष श्रीराम अर्जुनको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा मकवानपुर सुनचादीं व्यसायी संघका अध्यक्ष पवन शाक्य, हेटौंडाका कलाकार सुशान्तकुमार श्रेष्ठ, चलचित्र पत्रकार संघ नेपाल चितवनका उपाध्यक्ष सागर ढुंगानालगायतले चलचित्रको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

चलचित्रमा गौरव पहारी, किरण नेपालीको अलावा, नम्रता सापकोटा, सरोज खनाल, गीता अधिकारी, बुद्धि तामाङ, राजाराम पौडेल, नारायण खाती, विनोद न्यौपाने, राजेन्द्र खड्गीलगायतको कलाकारको अभिनय रहेको छ । सुवर्ण शिभान्स फिल्मस्को ब्यानर मा निर्माण भएको चलचित्रका निर्माता भने सरोज खाती, सविन खाती, र मनोज रिजाल रहेका छन् । चलचित्रमा शिवम् अधिकारीको पटकथा तथा सम्वाद रहेको छ भने अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत रहेको छ । चलचित्रमा रामजी लामिछानेको नृत्य, दिव्य सुवेदीको छांयाकन, देव महर्जनको द्वन्द्व र गौतमराज खड्काको सम्पादन रहेको छ ।

# मैनाली समाज मकवानपुरको अध्यक्षमा इश्वर

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ मैनाली समाज नेपाल मकवानपुरको सातौं साधारणसभा एवं चौथो जिल्ला अधिवेशनबाट अध्यक्षमा ईश्वर मैनाली सर्वसम्मत चयन भएका छन् ।

हेटौंडामा शनिवार भएको अधिवेशनले मैनालीको अध्यक्षतामा १६ जनाको नयाँ कार्यसमिति चयन भएको हो । उपाध्यक्षमा इवाकर मैनाली, गीता मैनाली, सचिवमा लक्ष्मण मैनाली, सहसचिवमा मञ्जु मैनाली, कोषाध्यक्षमा रोहित राज मैनाली चयन भएका छन् ।

सदस्यहरुमा विष्णु मैनाली, शैलेन्द्र मैनाली, सरला मैनाली, राजेन्द्र मैनाली, गोकुल मैनाली, रामदेव मैनाली, उत्तम मैनाली, निर्मला मैनाली, तेजप्रसाद मैनाली चयन भएको निर्वाचन अधिकृत केदारनाथ मैनालीले जानकारी दिए । समाजको कानुनी सल्लाहकारमा राधाकृष्ण (आरके) मैनाली निर्वाचित भए ।


मैनाली समाज नेपालको केन्द्रीय प्रतिनिधिमा रामहरि मैनाली, अमोद मैनाली, भरत मैनाली, कमलराज मैनाली निर्वाचित भएका छन् ।

कार्यक्रममा मैनाली समाज मकवानपुर जिल्लाका ७० वर्ष नाघेका ६ जना वृद्धवृद्धा, निजी तथा सामुदायिक विद्यालयबाट यसै वर्ष एसईइमा उत्कृष्ट नतिजा ल्याउने ३ जना छात्रछात्रा र सामाजिक संस्थाको नेतृत्व गर्ने ६ जना सामाजिक व्यक्तित्वहरुलाइ सम्मान गरिएको छ ।

## निर्मल बहुमुखी क्याम्पस अध्यक्षमा भेटवाल

हेटौंडा, २० जेठ/त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त जिल्लाकै उत्कृष्ट क्याम्पसमध्ये एक निर्मल बहुमुखी क्याम्पसको अध्यक्षमा राजकुमार भेटवाल सर्वसम्मत चयन भएका छन् ।

हेटौंडा उपमहानगर पालिका-१९ बस्तिपुरमा रहेको निर्मल बहुमुखी क्याम्पसको शनिवार भएको तेस्रो क्याम्पस सभा र अधिवेशनले भेटवाललाई अध्यक्षमा चयन गरेको हो । मकवानवपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलाको प्रमुख आतिथ्यता तथा क्याम्पस अध्यक्ष विष्णुहरि पण्डितको सभाध्यक्षतामा अधिवेशन भएको थियो । पण्डितकै कार्यकालका निर्मित क्याम्पस भवनको सांसद बर्तौलाले शनिवार उद्घाटन गरेका छन् । नवनिर्मित भवन निर्माण समितिको संयोजक अध्यक्षमा चयन भएका भेटवाल नै थिए ।

“सुनमा शुद्धता डिजाइनमा आधुनिकता”
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड

हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०५६३, ९८१५२२४३४३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९,